राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको

# वार्षिक गतिविधि पुस्तिका

## आ.व.२०८१/८२

राष्ट्रिय मानव अधिकार आयोग

बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर




राष्ट्रिय मानव अधिकार आयोग
NATIONAL HUMAN RIGHTS COMMISSION
बागमती प्रदेश कार्यालय

# राष्ट्रिय मानव अधिकार आयोग

## बागमती प्रदेश कार्यालय

# बार्षिक गतिविधि पुस्तिका

## आ.व.२०८०/८१

राष्ट्रिय मानव अधिकार आयोग

बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुर ।

## आयोगका पदाधिकारीहरु

**अध्यक्ष**

**माननीय श्री तप बहादुर मगर**

**सदस्यहरु**

**माननीय श्री डा.सूर्यप्रसाद शर्मा ढुङ्गेल**

**माननीय श्री मिहिर ठाकुर**

**माननीय श्री मनोज दुवाडी**

**माननीय श्री लीली थापा**

**सचिव**

**श्री मुरारि प्रसाद खरेल**

**सल्लाहकार :-**
**कायाृलय प्रमुख श्री पवन कुमार भट्ट**
**लेखन/सम्पादन/संयोजन :-**
**श्री पवित्रा भण्डारी**
**श्री नवल किशोर सिंह**
**श्री राज नरायन कोहार**

**प्रकाशक** :- **राष्ट्रिय मानव अधिकार आयोग**
**बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर ।**

**प्रकाशन मिति** :- **२०८२ असार ३०**
**संस्करण** :- **सातौँ**
**प्रति** :- **२००**
**मुद्रण** :-
**सर्वाधिकार** :- **राष्ट्रिय मानव अधिकार आयोग**
**बागमती प्रदेश कार्यालय, हेटौडा, मकवानपुर ।**

@ आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक ज्ञान तथा शिक्षण प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

मन्तव्य

नेपालको संविधान, नेपाल कानून तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धमा निहित हक अधिकारहरु नागरिकहरुले निर्बाध रुपमा उपभोग गर्न पाउनु नागरिकको नैसर्गिक अधिकार हो । नेपाल सरकारले मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने कार्यलाई तदारुकता दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिबद्धताहरु जनाएको छ । संविधानमा उल्लिखित प्रावधानहरुलाई मध्यनजर गरी नेपाल सरकारले मानव अधिकारको संरक्षण र सम्वर्धन गर्न मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

मानव अधिकार सुनिश्चितताको प्रभावकारिता कार्यान्वयन बारे अनुगमन गर्ने महत्वपूर्ण संवैधानिक जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई रहेको छ । संविधानको यही मर्म र भावना अनुरुप मानव अधिकारको संरक्षण र सम्बर्धन गर्न राष्ट्रिय मानव अधिकार आयोग विगत दुई दशक भन्दा बढी समयदेखि क्रियाशील रहँदै आएको छ । आयोगलाई प्राप्त कार्यादेश बमोजिम आयोगको बागमती प्रदेश कार्यालयले बागमती प्रदेशको १३ वटा जिल्लामा यस आ.व.को समयावधि भित्र मानव अधिकारको समग्र अवस्थालाई मुखरित गरी यस प्रतिवेदन तयार गरेको छ । प्रस्तुत प्रतिवेदनले बागमती प्रदेशको मानव अधिकारको सर्वाङ्गिण पक्षलाई चित्रण गरी मानव अधिकारको संरक्षण र सम्बर्धन गर्न सम्बन्धित सरोकारवाला सबैमा सु–सूचित हुन योगदान गर्नेछ ।

अन्त्यमा, राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका तयारी एवम् प्रकाशन गर्नमा संलग्न आयोगका बागमती प्रदेश कार्यालय प्रमुख रेवा रेग्मी सहित सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

असार २०८१

तप बहादुर मगर
अध्यक्ष

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

नेपाल मानव अधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुको पक्ष राष्ट्र बनेको रहेको छ। नेपालको संविधानमा मानव अधिकारका धेरै प्रावधानहरूलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ। तिनै प्रावधानहरुको रक्षार्थ मानव अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नु राज्यको दायित्व हो।

मानव अधिकार सुनिश्चितताको लागि नेपालको संविधान तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ ले राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक तथा कानूनी दायित्व सुम्पेको छ। आयोगलाई मानव अधिकार उल्लंघन तथा दुरुत्साहनका उजुरी ग्रहण गरी त्यस्ता उजुरी उपर अनुसन्धान र सिफारिस गर्ने अधिकार प्राप्त छ। यसैगरी मानव अधिकार अवस्थाको निरन्तर अनुगमन गर्ने, कानून पुनरावलोकन गर्ने, मानव अधिकार शिक्षा प्रवर्द्धन गर्ने लगायत नेपाल सरकारको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्वहरुको सम्बन्धमा त्यस्ता प्रतिवेदनमाथि सुझाव तथा सिफारिस गर्ने अभिभारा समेत आयोगलाई सुम्पेको छ।

मुलुकमा संघीय संरचना रहेको तथा यस्तो संरचनात्मक व्यवस्थामा मानव अधिकारको सुनिश्चितताका लागि तीनै तहका सरकारहरुलाई थप जिम्मेवार र जवाफदेही बनाउन आयोगले रणनीतिक योजना (२०२१-२०२६) द्वारा तय तथा निर्दिष्ट गरिएका लक्ष्य एवम् उद्देश्यहरुको प्राप्तिका लागि आफ्ना कार्यालयहरु मार्फत वार्षिक कार्ययोजना बनाई कार्य गरिरहेको अवस्था छ। यसै सन्दर्भमा बागमती प्रदेश कार्यालय, हेटौंडा मकवानपुरले आ.व. २०८०/०८१ मा मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान, मानव अधिकार अवस्थाको अनुगमन, प्रवर्द्धनात्मक कार्यक्रमहरु सहितका गतिविधिहरुलाई समेटेर आफ्नो वार्षिक गतिविधि पुस्तिका तयार गरेकोमा खुशी प्रकट गर्दछु। यस गतिविधि पुस्तिकामा प्रदेश कार्यालयले हासिल गरेका उपलब्धिहरु र चुनौतिहरु समेत समावेश गरी प्रकाशन भएको हुँदा यस क्षेत्रको समग्र मानव अधिकारको अवस्था र कार्यालयको कामको समेत मूल्यांकन गर्न सरोकारवाला सबैलाई सहज हुनेछ भन्ने मैले आशा एवं विश्वास लिएको छु।

यस वार्षिक गतिविधि पुस्तिकामा समावेश भएका विषयवस्तुहरु कार्यालयको कामको समग्र प्रतिफल भएकोले यो पुस्तिका कार्यालयको कामको प्रभावकारिता र जवाफदेहिता मापन गर्ने प्रमुख सूचक पनि हो। यो पुस्तिका यस कार्यालयको गतिविधिहरुबारे जानकारी राख्न चाहने जो, कोहीलाई पनि उपयोगी सिद्ध हुने देखिन्छ। बागमती प्रदेश कार्यालय हेटौंडाको आ.व. २०८०/०८१ को वार्षिक गतिविधि पुस्तिकामा तत् क्षेत्रको मानव अधिकार अवस्था सम्बन्धी सूचना समेत समावेश भएकोले यस पुस्तिकाले बागमती प्रदेशको मानव अधिकारको अवस्थाबारे बुझ्न सजिलो बनाउने छ। अन्त्यमा प्रतिवेदनलाई यस अवस्थामा पुर्याई दस्तावेजीकरण गर्ने, गराउने प्रदेश कार्यालयका निमित्त कार्यालय प्रमुख श्री रेखा रेग्मी सहित लेखन एवं अन्य कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

२८ असार, २०८१

मुरारिप्रसाद खरेल

सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
बागमती प्रदेश कार्यालय, हेटौंडा, मकवानपुर
Bagamati Province Office, Hetauda, Makawanpur

## मन्तव्य

मानव सदैव सुखी र खुशी जीवनको कल्पना गर्दछ । मानव जीवनमा सुखी हुन र खुशी प्राप्तिका लागि समानता, स्वतन्त्रता र मर्यादा अभिन्न हिस्साको रुपमा रहेका हुन्छन् । जीवन, समानता, स्वतन्त्रता र मर्यादासंगै आत्म-सम्मानपूर्ण जीवनयापन हरेक मानिसको अभिलाषा पनि हो । अतःमानव अधिकार भन्नाले सम्मानीत रुपमा दैनिक जीवन-यापन गर्न आवश्यक सम्पूर्ण अधिकारहरु मानव अधिकारको विषयभित्र पर्दछन् । मानव सभ्यताको इतिहास नियाल्दा मानवले हिजोको कालखण्डदेखि आजको वर्तमानसम्म गरेका खिचातानी, द्वन्द्व, संघर्ष, युद्ध सबै आ-आफ्नो सुख,शान्ति,स्थिरता र विकासका लागि नै गरेको देखिन्छ । मानव अधिकार अवस्थामा सुधारका लागि यसको सम्मान, संरक्षण तथा प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने मुख्य जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगको हो । हुनत मुलुकको समग्र मानव अधिकार अवस्थामा सुधार गरी मानव अधिकारमैत्री शासन व्यवस्था कायम गर्ने कर्तव्य र दायित्व अन्ततः राष्ट्रकै हो । आयोगले आफ्नो स्थापना कालदेखि नै नागारिकको हक,अधिकारहरुको संरक्षण तथा सम्वर्द्धनको लागि सक्रियता दर्शाउँदै आएको छ । कुनै पनि व्यक्ति तथा समूह विरुद्ध मानव अधिकार उल्लंघन वा दुरुत्साहन भएकोमा पीडित स्वयं आफैं वा निजको तर्फवाट कोही,कसैले आयोग समक्ष उजूरी दिएमा त्यस्ता उजूरीउपर अनुसन्धान गरी दोषि पाइएमा सिफारिश र कारवाही गर्ने तथा आफुले पूरा गर्नु पर्ने जिम्मेवारी पूरा गर्न उदासीनता देखाउने पदाधिकारीलाई जिम्मेवारी पूरा गराउन विभागीय कारवाहीको लागि सिफारिश गर्ने जिम्मेवारी समेत आयोगको रहेको छ । निर्वाचन होस वा हिरासत अथवा कारागारको नियमित तथा आकस्मिक अनुगमन होस वा मानव अधिकार उल्लंघन र दुरुत्साहनका कुनै घटना वा विषयमा आयोगको सदैव चासो, चिन्ता र सरोकार रहँदै आएको छ । यसका लागि नियमित तथा आकस्मिक अनुगमन गर्ने, नागरिक समाजसँग सहकार्य र समन्वय तथा मानव अधिकार सम्बन्धी चेतना अभिवृद्धि गर्ने सम्बैधानिक दायित्व समेत आयोगको रहेको सन्दर्भमा आयो गको पहुँच विस्तारलाई मूर्तता प्रदान गर्न मिति २०७९ कार्तिक १ गतेदेखि वागमती प्रदेश कार्यालय प्रदेश राजधानी, हेटौडामा स्थापना भई नियमित रुपमा कार्य सञ्चालन हुँदै आएको छ । साविकमा सानेपा, ललितपुरमा रहेको कार्यालय हेटौडामा स्थापना भएपश्चात् प्रदेश सरकार, प्रदेशस्थित सरकारी निकाय, सुरक्षा निकाय समेतसँगको निकटताले मानव अधिकारका बहुआयामिक विषयहरुमा थप योगदान पुग्न गएको छ । आयोगको यस कार्यालयमा आर्थिक बर्ष २०८०/०८१ मा २६ वटा उजूरीहरु दर्ता भएका छन् भने यसै आ.व. मा अनुसन्धान सम्पन्न भई अन्तिम निर्णयको लागि आयोगको केन्द्रीय कार्यालयमा पठाइएका उजूरीहरुको संख्या ७३ वटा रहेको छ । मानव अधिकारको चेतना अभिबृद्धिका लागि निरन्तर नागरिक समाजसंग जीवन्त सम्बन्ध राख्दै तत्काल गर्न सकिने कार्य लगायत विभिन्न अन्तर्कृया,गोष्ठि,छलफल,अनुगमन,अनुसन्धानलाई प्राथमिकतामा राखिएको छ । संविधानको धारा २९४ को उपधारा (३) बमोजिम बागमती प्रदेशको समग्र मानव अधिकारको अवस्था सहित कार्यालयबाट सम्पादित काम कारवाहीको सम्वन्धमा प्रतिवेदन तयार गरी माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गर्दै आएको छ । पेश गरिएका प्रतिवेदनउपर प्रदेश प्रमुखज्यूबाट मानव अधिकारका बिषयमा गहन चासो तथा चिन्ता व्यक्त गरी आगामी दिनमा बागमती प्रदेशको मानव अधिकार अवस्था सुधारका लागि प्राप्त मार्ग निर्देशनले यस कार्यालयलाई कार्य गर्ने उत्साह, उर्जा तथा हौसलामा अभिवृद्धि भएको महसुस गरेको छु । मानव अधिकार संरक्षण,सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि हामीलाई उत्प्रेरित गरी सहयोग,समन्वय,सहकार्य गर्नु हुने सम्पूर्ण सरकारी,गैरसरकारी संघ,संस्था तथा महानुभावहरुप्रति आभारसहित कृतज्ञता प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदन/गतिविधि पुस्तिका तयार गर्न अहोरात्र खटिनु हुने यस कार्यालयका सम्पूर्ण कर्मचारीहरु मानव अधिकार अधिकृतहरु श्री लक्ष्मी पौडेल, श्री पवित्रा भण्डारी, श्री कृष्ण प्रसाद मिश्र, श्री रविना घिमिरे, लेखा अधिकृत श्री रारा कर्माचार्य र सहायक प्रथम श्री विमोचन अधिकारीमा हार्दिक धन्यवाद दिन चाहन्छु । साथै वहाँहरुको अनुसन्धान,अनुगमन लगायत आयोगको जिम्मेवारीपूर्ण कार्यमा रहेको इमान्दारिता र निष्ठाप्रति सदैव कृतार्थ छु । यस कार्यालयको हरेक कार्यहरुमा सदैव उत्साह र प्रेरणा प्रदान गर्नु हुने राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तप बहादुर मगरज्यू, सम्पूर्ण माननीय सदस्यज्यूहरु तथा सचिवज्यूप्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । गतिविधि तथा प्रतिवेदन छपाईमा सहयोग गर्नु हुने शुभलक्ष्मी प्रिन्टिङ प्रेस र कम्प्युटर डिजाइनर सरोज राजथलालाई समेत हार्दिक धन्यवाद नदिइ रहन सक्दिन ।

२०८१ असार ३१ गते सोमवार ।

............
रेवा रेग्मी
नि. कार्यालय प्रमुख

फोन नं. ०५७-५११२११, ५११२११, फ्याक्स नं. ००९७७-०५७-५११२१३, सगम चोक, बासुदेवमार्ग, हेटौंडा, मकवानपुर
अडियो नोटिस बोर्ड सर्भिस नं.: १६१८-०१-५०१००१५, Audio Notice Board Services No.: 1618-01-5010015
Email: nhrcsnp@nhrcnepal.org, nhrcbagmati@gmail.com, Website: www.nhrcnepal.org

# विषय-सूची

## परिच्छेद-१


१.१. पृष्ठभूमी १

१.२. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र २

१.३.आयोगको बागमती प्रदेश कार्यालयबाट सम्पादित गतिविधि २


## परिच्छेद-२


२. बागमती प्रदेशको मानव अधिकारको अवस्था ८

२.१ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था ८

२.२ नागरिक तथा राजनीतिक अधिकारको अवस्था ९

२.३. जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकारको अवस्था ११

२.४. वातावरण र विकासको अधिकार १३

२.५. आदिवासी जनजाति तथा अल्पसंख्यकका अधिकार १४

२.६. अपांगता भएका व्यक्तिहरुको अधिकारको अवस्था १५

२.७. जातीय भेदभाव विरूद्वको अधिकारको अवस्था १७

२.८.महिला अधिकारको अवस्था १७

२.९ बाल अधिकारको अवस्था १८

२.१०. जेष्ठ नागरिकको अधिकारको अवस्था २०

२.११. सामाजिक वहिष्करणको अवस्था २०

२.१२. यातना विरुद्धको अधिकार २०

२.१३. यौनिक तथा लैङ्गिक अल्पसंख्यक अधिकार २१


## परिच्छेद-३


३. प्रवर्द्धनात्मक गतिविधि २३

३.१ ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस,२०२३ २३

३.२ २५ औं स्थापना दिवस तथा २४ औं बार्षिकोत्सव २४

३.३ सरोकारवालाहरुसंग समसामयिक विषय मानव अधिकार उल्लंघनका घटना तथा वर्तमान अवस्था विषयमा अन्तर्कृया २५

३.४ तनाव व्यवस्थापन तथा मनो–सामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण २७

## परिच्छेद-४


४. बागमती प्रदेश कार्यालयबाट सम्पादित अनुगमन सम्बन्धी गतिविधिहरु २८

४.१ छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार २८

४.२ मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, विश्वव्यापी आवधिक समिक्षा र दिगो बिकास लक्ष्य कार्यान्वयन अवस्था २८

४.३ अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षाको अवस्था ३१

४.४ यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था ३२

४.५ आप्रवासी कामदार तथा तिनका परिवारहरुको मानव अधिकार अवस्था ३३

४.६ बालसुधार गृह अनुगमन ३५

४.७ सामुदायिक विद्यालयहरुमा दिवा खाजा अनुगमन ३५


## परिच्छेद-५


५. कार्यालयका उपलब्धि, चुनौति र चुनौति समाधानका सम्भावित उपायहरु ३८

५.१ प्रदेश कार्यालयको उपलब्धि ३८

५.२ चुनौतिहरु ३८

५.३ चुनौती समाधानका उपायहरु ३९

अनुसूचीहरु ४१

सन्दर्भ सामग्री ७८

कार्यक्रमका केही झलकहरु ७९

## १.१ पृष्ठभूमि

मानव अधिकार एक विश्वव्यापि अवधारणा हो । आज मानव अधिकारका हरेक सवालप्रति विश्वका हरेक व्यक्ति सचेत छन् , सजग छन् । मानव अधिकारलाई सवल, सक्षम बनाउन अनि यसको संरक्षण तथा सम्वर्द्धनलाई प्रभावकारी बनाउन नेपालको सविधान, (२०७२) को धारा २४८ ले राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त संवैधानिक निकायको रुपमा स्थापित गर्दै यसको गठनको सम्बन्धमा व्यवस्था गरेको छ । प्रतिनिधि सभाका समितिले राष्ट्रिय मानव अधिकार आयोग बाहेकका अन्य संवैधानिक निकायको प्रतिवेदन लगायतका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन सक्ने व्यवस्था संविधानको धारा २९३ मा उल्लिखित रहेको छ । आयोगमा हाल केन्द्रीय कार्यालय, सातवटा प्रदेशमा प्रदेश कार्यालय र तीनवटा प्रदेशमा प्रदेश शाखा कार्यालयहरु रहेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगमा सबै नागरिक र व्यक्तिहरुको सहज पहुँच पुऱ्याउने उद्देश्यले वि.सं.२०७४ साल कात्तिक १ गते उपक्षेत्रीय कार्यालय सानेपा, ललितपुरमा स्थापना भएको थियो । यस कार्यालयको स्थापना भएसंगै यस कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरुमा मानव अधिकार सम्बन्धी विविध गतिबिधिहरू सञ्चालन हुँदै आइरहेको छ । आयोगको २०७५ असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा ललितपुरको सानेपामा स्थापित गरी कार्य सञ्चालन हुँदै आएको थियो । प्रदेश सभाको वैठकबाट प्रदेशको नाम बागमती प्रदेश नामाकरण गर्ने र प्रदेश मुकाम हेटौडामा राख्ने निर्णय भए बमोजिम यस कार्यालयको नाम राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय नामाकरण गरिएको छ । यस प्रदेशको समग्र मानव अधिकारको चित्रण सहित मानव अधिकारका सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडि बढाइ रहेको छ । यस कार्यालयबाट सम्पादित गतिविधि, अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष प्रेस-विज्ञप्ति, पत्रकार सम्मेलन आदि मार्फत मानव अधिकारको स्थिति र अवस्थालाई सेवाग्राही तथा जनसमक्ष प्रकाश पार्ने क्रम निरन्तर रुपमा भइ रहेको छ । नेपालको संविधानको धारा २४९ को उपधारा (१) बमोजिम संवैधानिक निकायले आफुले गरेको काम,कारबाहीको बार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन संघीय संसद समक्ष प्रस्तुत गर्न लगाउने व्यवस्था रहेको छ । त्यसैगरी धारा २९४ को उपधारा (३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा छुट्टा-छुट्टै प्रतिवेदन तयार पारी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था गरेको

छ । संवैधानिक निकायका प्रदेश कार्यालयहरुले गरेका काम कारबाही उपर आम सर्वसाधारणको चासो रहन्छ भने यसका गतिबिधिले प्रदेश सरकारसंग नजिकको सम्बन्ध पनि स्थापित हुन्छ । राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयले विगत आ.ब. २०७७/७८, आ.व. २०७८/७९ र आ.व. २०७९/८० मा पनि आफ्नो प्रतिवेदन प्रदेश प्रमुख माननीय यादवचन्द्र शर्मा समक्ष प्रस्तुत गरेको थियो । प्रदेशको मानव अधिकार अवस्थावारे सरोकारवाला विच जानकारी पुऱ्याउने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ ।

## १.२. संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र :-

संघीय संरचना बमोजिम आयोगको बागमती प्रदेश कार्यालयको भौगोलिक क्षेत्राधिकारभित्र बागमती प्रदेश अन्तर्गतका १३ वटा जिल्लाहरु रहेका छन् । यस कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अनुसुची-१ मा राखिएको छ । प्रदेश कार्यालय अर्न्तगतका जिल्लाहरुको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ । हाल २०७९ कार्तिक १ गतेदेखि बागमती प्रदेशको राजधानी हेटौडा आयोगको प्रादेशिक कार्यालय स्थापना गरी कार्य सञ्चालन हुँदै आएको छ ।

## १.३. आयोगको बागमती प्रदेश कार्यालयबाट सम्पादित गतिविधिः-

राष्ट्रिय मानव अधिकार आयोगको बागमती प्रदेश कार्यालयबाट आर्थिक वर्ष २०८०/०८१ को अवधिमा सम्पन्न गरिएका मानव अधिकार अनुगमन तथा अनुसन्धान टोलीहरूको प्रतिवेदन, प्राप्त उजुरीहरू, सम्पादित प्रवर्द्धनात्मक गतिविधिहरू, अन्य निकायका प्रकाशित प्रतिवेदन समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। मानव अधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघ संस्थाहरू, पत्रकारहरू, नागरिक समाज, स्थानीय प्रशासन, सुरक्षा निकाय आदिसंग भएका अन्तर्कृया, छलफलबाट प्राप्त तथ्य र तथ्याङ्कलाई समेत प्रतिवेदनको आधारको रूपमा लिइएको छ ।

### १.३.१. प्रशासनिक कार्यहरू :-

यस कार्यालयबाट तोकिएका निम्नानुसार प्रशासनिक जिममेवारीहरु रहेका छन् :-

(क) कार्यालय व्यवस्थापन र सरसफाई,

(ख) मर्मत सम्भार तथा रेखदेख (कार्यालयका भौतिक साधनहरुको अनुगमन निरीक्षण),

(ग) सार्वजनिक खरिद,

(घ) सवारी व्यवस्थापन,

(ङ) कार्यालय व्यवस्थापन र सञ्चालनका दैनिक भैपरी आउने अन्य कार्यहरु ।

(च) दर्ता चलानी (पत्राचार),

### १.३.२ संवर्द्धनात्मक कार्यहरू :-

मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि गर्न, मानव अधिकारको वकालत, सूचना सम्प्रेषण सम्बन्धी कार्यमा संवर्द्धनात्मक भूमिकाको विशेष महत्व रहने गर्दछ। संवैधानिक र कानूनी दायित्व अन्तर्गत आयोगको यस कार्यालयले आफ्नो प्रादेशिक क्षेत्रभित्र मानव अधिकार प्रवर्द्धन सम्बन्धी गतिविधिहरु सञ्चालन गर्दै आएको छ। आयोगको रणनीतिक योजना र बार्षिक कार्ययोजनामा आधारित भएर गरिएको प्रवर्द्धनात्मक कार्यले मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुग्न गएको छ। यसबाट सम्बन्धित जिल्लाहरुको आकस्मिक अनुगमन गरी आवश्यक व्यवस्थापनका लागि प्रदेश सरकार लगायत सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण भएको छ।

मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी मार्ग निर्देशिका, २०६९ जारी भई सोको कार्यान्वयन भई आएको छ। यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरुसंग समन्वय र सहकार्य गरी अन्तर्कृया, छलफल, गोष्ठी, तालिम, कार्यशाला जस्ता गतिविधिहरु सञ्चालन गर्दै आएको छ। प्रदेश कार्यालयद्वारा मानव अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था र स्थानीय निकाय र तहसंग समन्वय सहकार्य गरी निरन्तर रुपमा विविध कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। आयोगको तर्फबाट मानव अधिकार एवं पेशागत संघ संस्थाद्वारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरुमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि, अतिथि र सहभागी ) सहभागिता जनाउँदै आएको छ भने कार्यालयद्वारा सम्पादित सम्वर्द्धनात्मक कार्यक्रमहरुको विस्तृत विवरण अनुसुची-३ मा समावेश गरिएको छ।

### १.३.३ संरक्षण सम्बन्धी कार्यहरू :-

बागमती प्रदेश कार्यालयको स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने १३ वटा जिल्लाहरुमा मानव अधिकार संरक्षण, सम्वर्धनका लागि उजुरी ग्रहण गर्ने, अनुगमन तथा अनुसन्धान गर्दै उजुरी निर्णयार्थ आयोगमा प्रस्तुत गर्ने लगायतका कार्यहरु निरन्तर रुपमा भइरहेका छन्। वक्यौता उजुरी तथा अनुसन्धानको कार्यलाई समेत प्रदेश कार्यालयले प्राथमिकतामा राखी कार्य गर्दै आएको छ।

### १.३.४ उजुरीसंग सम्बन्धित कार्यहरू :-

प्रदेश कार्यालयले मानव अधिकार संरक्षण र सम्बर्द्धन गर्ने क्रममा संविधान, ऐन, नियमको सीमाभित्र रही मानव अधिकार उल्लंघन तथा दुरुत्साहनसंग सम्बन्धित घटनाहरुमा पीडितबाट प्राप्त भएका उजुरी लिने र आवश्यक्ताका आधारमा स्वविवेकीय उजुरी समेत ग्रहण गर्दै आएको छ। यस प्रकृतिका उजुरी, पीडित

व्यक्ति, पीडितको परिवार, विभिन्न संघ, संस्था, समुदाय वा आमसञ्चार माध्यममा प्रकाशित तथा प्रसारित समाचारका आधारमा समेत ग्रहण गर्ने गरिन्छ । प्राप्त उजुरीउपर अनुगमन, अनुसन्धान तथा छानवीन गरी पीडित तथा पीडित परिवारहरुलाई राहत, क्षतिपूर्ति र आवश्यक कानूनी कारबाहीका लागि सरकार वा सरोकारवाला निकायसंग जानकारी माग गर्ने, आयोगमा पेश गर्ने र आवश्यकताका आधारमा सिफारिश गर्ने  कार्य समेत गर्दै आएको छ । गत आर्थिक वर्षबाट यस कार्यालयमा जिम्मेवारी सरि आएका ५९६ थान उजूरी र यस आर्थिक वर्षमा दर्ता भएका २६ वटा उजुरीहरु गरी जम्मा ६२२ उजुरीहरु रहेकोमा आ.व. २०८०/०८१ मा ७३ थान उजूरीहरु अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ। अतः हाल यस कार्यालयमा  जम्मा ५४९ थान उजुरीहरु विचाराधीन अवस्थामा रहेका छन् ।

## १.३.५ महासन्धिमा आधारित यस आ.व २०८०/८१ मा दर्ता भएका उजुरीहरूको विषयगत विवरण :-

यस आर्थिक वर्षमा परेका उजुरीहरुका विषयमा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा ११ वटा, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धमा ४ वटा, यातना र दुर्व्यवहार सम्बन्धमा २ वटा, महिला अधिकार सम्बन्धमा २ वटा, बाल अधिकार सम्बन्धमा १ वटा, जातीय विभेद सम्वन्धमा १ वटा अपाङ्गता सम्वन्धमा ४ वटा,  आदिवासी जनजातिको अधिकार सम्बन्धमा १ वटा गरी जम्मा २६ वटा उजुरीहरु दर्ता हुन आएका छन् । उजुरीहरुको प्रकृति हेर्दा जीवनको अधिकार, न्याय प्रशासन, स्वास्थ्य, शिक्षा, रोजगारी, घरेलु हिंसा, बाल अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, जेष्ठ नागरिकको अधिकार र महिला अधिकार लगायतका विषयसंग सम्बन्धित उजूरीहरु रहेका देखिन्छन् ।

## १.३.६. जिल्लागत रूपमा परेका उजुरीहरू :-

आर्थिक बर्ष २०८०/०८१ को श्रावणदेखि असार मसान्तसम्ममा यस कार्यालयमा सवैभन्दा बढी मकवानपुर जिल्लाका कूल ७ थान उजुरी दर्ता भएका छन् भने काभ्रेपलाञ्चोक जिल्लाका ५ वटा, काठमाण्डौं, दोलखा र चितवनका ३/३ वटा, सिन्धुपाल्चोक जिल्लाका २ वटा, नुवाकोट, सिन्धुली र ललितपुरका १ /१ वटा उजुरीहरु दर्ता भएता पनि भक्तपुर, रामेछाप, धादिङ्ग र रसुवा जिल्लाबाट कुनै पनि उजुरी दर्ता भएको देखिदैंन । यस कार्यालयमा दर्ता भएका बाहेक उपत्यकाका तीन जिल्लाहरु काठमाण्डौं, भक्तपुर र ललितपुरका उजुरीहरु केन्द्रीय कार्यालयबाटै हेर्ने गरी आयोगबाट मिति २०८०/०४/२२ गते निर्णय भएको छ ।

## १.३.७. महासन्धिमा आधारित उजुरीहरू :-

महासन्धिमा आधारित उजुरीहरुको प्रकृति हेर्दा विगत वर्षदेखि यस आर्थिक वर्षमा जिम्मेवारी सरि आएका यस कार्यालयको क्षेत्राधिकार भित्रका जम्मा ५९६ थान

उजूरीहरु बिचाराधीन रहेकोमा यस आ.व. को अन्त्यसम्ममा ७३ वटा उजुरीहरु उपर अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालय पठाइएको छ । कार्यालयमा यस आ.व.मा दर्ता भएका २६ थान उजुरीहरु समेत गरी जम्मा ५४९ वटा उजुरीहरु बिचाराधीन अवस्थामा रहेका छन् । बाँकी उजुरीहरुमध्ये नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी विषयका ९२ वटा, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी विषयका ३९ वटा, यातना विरुद्धको अधिकार सम्बन्धी विषयका २७ वटा, व्यक्ति बेपत्ता पार्ने कार्य विरुद्धको अधिकारको विषयका २१५ वटा, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी विषयका १९ वटा, बाल अधिकारको सम्बन्धी विषयका ४१ वटा, महिला अधिकार सम्बन्धी विषयका ५० वटा, मानव वेचविखन तथा शरणार्थीको अधिकार सम्बन्धी विषयका ६ वटा, आप्रवासी कामदारहरुको अधिकार सम्बन्धी विषयका ५२ वटा, जातीय भेदभाव विरुद्धको अधिकार सम्बन्धी विषयका ४ वटा, महिला अधिकार,अल्पसंख्यकको अधिकार सम्बन्धी विषयका ४ वटा उजुरीहरु विचाराधीन अवस्थामा रहेका छन् ।

### १.३.८. विषयगत आधारमा विगतमा परेका उजुरी :-

सबैभन्दा बढी यस कार्यालयमा परेका उजूरीहरुमा व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्धको अधिकारमा २१५ वटा, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धमा ९२ वटा, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको विषयमा ३९ वटा, यातना विरुद्धको अधिकारमा २७ वटा उजुरीहरु परेका थिए । यस्तै अभिव्यक्ति स्वतन्त्रता र सभा सम्मेलनको अधिकार, बिभेद विरुद्धको अधिकार, कैदी बन्दीको अधिकार, जेष्ठ नागरिकको अधिकार र स्वच्छ वातावरणको अधिकार हनन् भएको लगायतका विषयहरु समेत रहेका छन् ।

मानव अधिकार हनन् भएको भनिएका घटनाहरुको सम्बन्धमा यस कार्यालयले उजुरी लिई त्यसको अनुगमन, अनुसन्धान गरी कारवाही प्रक्रिया अगाडि बढाउने र आवश्यक्ता अनुसार परामर्श सेवा पनि प्रदान गर्दै आएको छ । आयोगले आफ्नो क्षेत्राधिकारभित्र नपर्ने उजुरीहरुलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा कारबाहीको लागि प्रेषित गर्ने गर्दछ । यस आ.व.मा कार्यालयले १५ जनालाई परामर्श सेवा उपलब्ध गराएको छ । २० वटा उजुरीहरु सामान्य जानकारीमा राखी आवश्यक कारवाही अगाडि बढाइएको छ भने विषयगत रुपमा दर्ता भएका उजुरीहरुको विस्तृत विवरण अनुसुची ७ मा उल्लेख गरिएको छ ।

### १.३.९. अनुगमन सम्बन्धी गतिविधिहरू :-

मानव अधिकारको संरक्षणार्थ यस प्रदेश कार्यालयले कतिपय विषयहरुमा एकल रुपमा र कतिपय विषयहरुमा आयोगको केन्द्रीय कार्यालयसँगको समन्वयमा समेत अनुगमन गर्दै आएको छ । मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौता तथा राष्ट्रिय कानूनद्वारा प्रद्धत्त हक-अधिकार, राज्यका नीति निर्देशक सिद्धान्त,

नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना आदि विषयहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा मानव अधिकारको दृष्टिकोणबाट नियमित र आकस्मिक रुपमा अनुगमन समेत गर्दै आएको छ । अनुगमनका विषयहरुमा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, यातना विरुद्धको अधिकार, जातीय भेदभाव विरुद्धको अधिकार तथा महिला अधिकार  आदि रहेका छन् । नागरिक तथा राजनीतिक विषयमा समग्र मानव अधिकारको अवस्था, कैदीबन्दीहरुको अधिकार, गैरकानुनी थुना, कारागार तथा हिरासतको अवस्था लगायतका विषयमा समेत नियमित रुपमा अनुगमन गरिंदै आएको छ । आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सवालमा अस्पताल एवं स्वास्थ्य संस्थाहरुको अवस्था, उपभोक्ताको अधिकार, जेष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसंख्यक/सीमान्तकृत समुदाय, अपाङ्गता भएका ब्यक्तिहरुको अधिकार, आप्रवासी कामदारहरुको अधिकार, मानव वेचविखनको अवस्था लगायतका विषयमा पनि अनुगमन हुँदै आएको छ । आ.व. २०८०/०८१ मा यस कार्यालयबाट १४ पटक मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन सम्पन्न भएको छ। सम्पादित अनुगमन सम्बन्धी कार्यहरुको विवरण विस्तृत रुपमा अनुसुची-९ मा समावेश गरिएको छ ।

### १.३.१०. अनुसन्धान सम्बन्धी गतिबिधिहरू :-

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुरले मानव अधिकार उल्लंघन र दुरुत्साहनका घटनालाई प्राथमिकतामा राखी कार्य सम्पादन गर्दै आएको छ। यस आ.व.मा ७३ वटा उजुरीहरु उपर अनुसन्धान सम्पन्न गरी निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइएको छ जसको विस्तृत विवरण अनुसूची- १२ मा उल्लेख गरिएको छ ।

### १.३.११. सिफारिशहरू :-

यस बागमती प्रदेश कार्यालयबाट अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरीहरुमध्येमा यस आ.व मा केन्द्रीय कार्यालयबाट प्राप्त सिफारिश भएका उजुरीहरुको संक्षिप्त विवरण अनुसुची-८ मा समावेश गरिएको छ ।

### १.३.१२. समन्वय र सहकार्य :-

कार्यालयले आफ्नो प्रादेशिक क्षेत्राधिकारभित्र पर्ने जिल्लाहरुमा मानव अधिकार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दा प्रदेश सरकार, सरकारी कार्यालयहरु, स्थानीय सरकार अन्तर्गतका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाँउपालिकाहरुसंग तथा बिभिन्न संघ संस्थाहरुसंग समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । प्रदेश तथा स्थानीय

सरकार र अन्य सरोकारवाला निकायहरुसंगको समन्वय र सहकार्यमा सम्पन्न भएका कार्यक्रमहरु थप प्रभावकारी हुने गरेकोले तत् निकायहरुसंग सहकार्य गरी समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्न स्थानीय निकाय र तहहरुबाट समेत यस कार्यालयसंग पत्राचार भई श्रोत व्यक्ति माग हुने गरेको छ ।

**१.३.१३. केन्द्रीय कार्यालयबाट भएको भ्रमण तथा कार्यक्रम :-**

आयोगको यस बागमती प्रदेश कार्यालयमा यस आर्थिक वर्ष २०८०/०८१ मा केन्द्रीय कार्यालयबाट तपसिल बमोजिमका व्यक्तिहरुको भ्रमण सम्पन्न भएको छ :-

| क्र.सं | भ्रमण टोली प्रमुखको नाम थर | मिति |
|---|---|---|
| १. | सहसचिव श्री टिकाराम पोखरेल समेत ४ जना | २०८१/०२/२५-२६ |
| २. | सहसचिव श्री सम्झना शर्मा समेत २ जना | २०८०/०९/१९ |
| ३. | मा.अ.अ श्री जीवन न्यौपाने समेत ३ जना | २०८१/०३/८-९ |

# परिच्छेद-२

## २. बागमती प्रदेशको मानव अधिकारको अवस्था

मानव अधिकारको अवस्थालाई समग्र प्रदेशभरी बर्षभरी गरिएका कृयाकलापहरुले निर्धारण गर्दछन्। आर्थिक बर्ष २०८०/०८१ मा यस कार्यालयले मानव अधिकार उल्लंघन सम्बन्धी ग्रहण गरेका उजूरीहरु, कार्यालयले नियमित तथा आकस्मिक रुपमा अनुगमन गरेका विषयहरु, कार्यालयद्वारा सम्पादित विभिन्न कार्यक्रम, छलफल, अन्तर्कृया आदिले प्रदेश कार्यालयको क्षेत्राधिकारका जिल्लाहरुको समग्र मानव अधिकारको अवस्थालाई इङ्गित गरेको छ। प्रादेशिक क्षेत्राधिकारभित्रका १३ वटै जिल्लाहरुबाट प्राप्त तथ्यहरु, जानकारी, सूचना, कार्यालयमा प्राप्त उजूरीहरु, विभिन्न संघ, संस्थाले मानव अधिकारको सवालमा प्रकाशन गरेका प्रतिवेदनहरु र विभिन्न सञ्चार माध्यमहरुले प्रकाशन तथा प्रशारण गरेका समाचारहरुको आधारमा प्रस्तुत प्रतिवेदन तयार पारिएको छ।

## २.१ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको अवस्था

नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ ले व्यक्तिको खाद्य, स्वास्थ्य, शिक्षा, आवास र रोजगारी, श्रम, सामाजिक सुरक्षा, संस्कृति समेतका अधिकारलाई सुनिश्चित गर्दछ। नेपालको संविधानमा मौलिक हक अन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय सन्धिको अनुमोदन पश्चात पक्ष राष्ट्रले उक्त सन्धिका प्रावधानहरुलाई आफ्नो घरेलु कानून सरह कार्यान्वयनमा ल्याउनु राज्यको दायित्व हो। मौलिक हकको रुपमा शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवास र रोजगारीको हक, कानून, नीति तथा कार्यक्रम र योजनाको कार्यान्वयनको अभावमा थप चुनौतिपुर्ण देखिंदै आएको छ।

**चितवन र मकवानपुर जिल्ला**ः यस कार्यालयवाट चितवन र मकवानपुर जिल्लामा निःशुल्क तथा अनिवार्य शिक्षाको अवस्था सम्वन्धी विषयमा अनुगमन गर्दा नियमित पाठ्यपुस्तक सम्म निःशुल्क वितरण भएको पाइयो भने ऐनले शुल्क लिन नहुने भनी राखिएको शीर्षक अन्तर्गतको भर्ना शुल्क तथा मासिक शुल्क भनेर नलिइएको भएतापनि अभिभावक सहयोग शुल्क भनी रकम असूलउपर गर्ने गरेको पाइयो। त्यसैगरी अंग्रेजी, कम्प्युटर जस्ता अतिरिक्त बिषय अध्यापन गराउँदा तथा कोचिङ जस्ता अतिरिक्त कक्षा सञ्चालन गरिंदा शुल्क लिइएको पाइयो। यद्यपि केही पालिकाहरुले अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको पालिका भनी घोषणा समेत गरेको पाइयो।

**रसुवा जिल्ला**ः नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना

कार्यान्वयन सम्वन्धी अनुगमन गर्दा पनि अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन कार्यान्यनमा आएको पाइएन ।

सिन्धुली जिल्लामा आप्रवासी कामदार तथा उनीहरुको परिवारका सदस्यहरुको अवस्थाको अनुगमन गर्दा नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको रोजगारीको हक कार्यान्वयन हुन नसक्दा तथा अर्काको देखासिकीमा समेत सीपमूलक तालिम नलिई बैदेशिक रोजगारीमा जाने, गन्तव्य मुलुकको नियम, कानून र भाषाको सामान्य जानकारी समेत नलिई जाने प्रवृत्ति, रकम बुझाएको रसिद, भरपाई, तमसुक नलिने प्रवृत्ति तथा त्यस्ता कागजात सुरक्षित नराख्ने गरेको समेत देखियो । बिदेशमा समस्यामा परेमा के गर्ने, कहाँ जाने, कसरी सहयोग माग्ने, के, के सुबिधा प्राप्त गर्न सकिन्छ ? भन्ने जस्ता विषयको जानकारी नलिई जाने गर्नाले भनेकै भन्दा पनि फरक देशमा पुग्ने गरेको, भनेको भन्दा फरक काम र कम तलव पाउने गरेको पाइयो । घाइते तथा मृत्यु भएमा कल्याणकारी कोष एवं बीमावाट प्राप्त गर्ने रकम पाउन समेत कठिनाई हुने गरेको समेत अनुगमनबाट देखिएको छ । कार्यालयमा आएका उजुरीहरुलाई हेर्दा बाटो बिस्तारको क्रममा घर जग्गा अधिग्रहणको बिषय, बाढी, पहिरो प्रभावितहरुको समस्या, हाइड्रो पावरवाट प्रभावितहरुको समस्या, परीक्षा केन्द्र टाढा राखिदा वा अनुपयुक्त स्थानमा राखिंदा बिद्यार्थीहरुलाई समस्या भएको जस्ता बिषयहरुमा पनि उजूरी पर्न आएको अवस्था रहेको छ ।

मकवानपुरका सरोकार-वालाहरुबीचको छलफलवाट एकल महिला, दलितप्रति हुने बिभेद, बाल बिवाह, बालबालिकामाथिको यौन दुर्व्यवहार, मानव बेचबिखन, मध्यवर्ती क्षेत्रका बासिन्दाको आवासको अधिकार, मानसिक समस्या भएका व्यक्तिहरुको बिषय, लागु औषध प्रयोगकर्ताहरु बढ्दै गएको अवस्था जस्ता बिषयहरुमा काम गर्नुपर्ने भन्ने निश्कर्षमा पुग्नु पर्ने अवस्था देखिएको छ ।

चितवन जिल्ला कालिका न.पा.वडा नं. १० स्थित राष्ट्रिय आधारभूत बिद्यालयमा दिवा खाजा कार्यक्रम रोकिएकोमा यस कार्यालयवाट पत्राचार भएपछि दिवा खाजा पुनः सञ्चालनमा आएको अवस्था छ ।

## २.२ नागरिक तथा राजनीतिक अधिकारको अवस्था

मर्यादित एवम् सम्मानीत रुपमा जीवन-यापन गर्न पाउनु नै हरेक व्यक्तिको नैसर्गिक अधिकार हो । मानव अधिकार हरेक व्यक्तिले नागरिकको हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरु हुन् जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून तथा सन्धि, महासन्धिमा उल्लेख गरिएको हुन्छ । नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमनबाट देशको समग्र मानव अधिकारको अवस्था कस्तो छ भनी हेर्न तथा विश्लेषण गर्न सकिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८

जारी भएपछि संयुक्त राष्ट्रसंघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि जारी गरिएको थियो । यस महासन्धिले जीवनको अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, धार्मिक स्वतन्त्रताको अधिकार, संगठित हुन र भेला हुन पाउने अधिकार, स्वच्छ सुनुवाईको अधिकारका अतिरिक्त निर्वाचनमा भाग लिन पाउने लगायतका अधिकारहरुको प्रत्याभूति गरेको छ। नेपालको संविधान,२०७२ ले मानव अधिकारको विषयलाई विशेष प्राथमिकता राखि विविध अधिकारहरुलाई मौलिक हक अन्तर्गत राख्दै प्रत्येक व्यक्तिलाई स्वतन्त्र तथा सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरेको छ ।

यस आर्थिक बर्षमा राष्ट्रिय मानव अधिकार आयोगमा परेका उजुरीहरु तथा घटनाक्रमहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्दा सुरक्षाकर्मीबाट आरोपित व्यक्तिउपर अत्याधिक बल प्रयोग भएको देखिन आयो । नागरिकहरुमा संयमता, धैर्यता तथा अदालतको आदेशको परिपालनालाई वेवास्ता गर्ने, नाराबाजी, हुल-हुज्जत गर्ने प्रवृत्तिमा समेत बढोत्तरी हुँदै गएको पाइएको छ । ललितपुरको बालकुमारी सडक क्षेत्रमा रोजगारी अनुमति प्रणाली (इपिएस) परीक्षामा आवेदन दिएका युवाहरुले गरेको आन्दोलनका क्रममा घाइते भएका दुई जना युवाको मृत्यु भएको र प्रदर्शनका क्रममा आन्दोलनकारीहरुले भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले प्रयोग गरेको सरकारी गाडीमा आगजनी गरी दिएका थिए । सो आन्दोलनमा सहभागी आन्दोलनकारी प्रति प्रशासनले अत्याधिक बल प्रयोग गरेको अनुगमनबाट देखिएको छ । त्यसैगरी काठमाण्डौ जिल्लास्थित रत्नपार्कको शान्ति वाटिकाबाट पर्यटन बोर्ड हुँदै माइतीघरसम्म पूर्वयोजना अनुरुप अपाङ्गता भएका व्यक्तिहरुको समूहले प्रदर्शन गर्ने क्रममा उक्त क्षेत्रको सवारी आवागमन अवरुद्ध भएको, सडकको दुई लेनमा प्रदर्शन गरी बाँकी क्षेत्रमा सवारी आवागमन गराउन खोज्दा विवाद भएको थियो । यसक्रममा प्रहरीले निजहरुमाथि कुटपिट तथा लछारपछार गरेको भन्ने अनुगमनबाट देखिएको छ । प्रहरीले २० जना प्रदर्शनकारीहरुलाई नियन्त्रणमा लिई प्रहरी वृत्त, अनामनगरमा राखेको, अपाङ्गता भएकी प्रदर्शनकारी महिलामाथि पुरुष प्रहरीले वुटले पेटमा प्रहार गरेको, बोलाई सम्वन्धी अपाङ्गता भएका रमेश खड्कालाई निर्मम तरिकाले कुटपिट गर्नुका साथै घाँटी अँठ्याएको प्रत्यक्षदर्शीहरुले आयोगको टोलीलाई बताएका थिए । त्यसैगरी, प्रहरीको कुटपिटबाट घाइते भएका ह्विलचेयर प्रयोगकर्ता लक्ष्मण मगरको पाखुरामा निलडाम रहेको, बौद्धिक अपाङ्गता भएका १५ बर्षिय बालकलाई प्रहरीले लछारपछार गर्दै यो बच्चाले अपाङ्गता भएको नाटक गरेको हो भन्दै संवेदनशील शव्दको प्रयोग नगरेको आयोगको अनुगमनबाट पाइएको छ ।

यस आर्थिक वर्षमा आयोगको यस कार्यालयमा नागरिक तथा राजनीतिक अधिकार

अन्तर्गत ११ वटा उजुरी दर्ता भएका छन् । उपरोक्त उजुरीहरुमा बाँच्न पाउने अधिकार, शान्ति सुरक्षा, न्याय प्रशासन, गैरकानूनी थुना, आपराधिक घटनामा प्रहरी बाट प्रभावकारी अनुसन्धान नभएको, विभिन्न प्रकारका शान्तिपूर्ण विरोध कार्यक्रम तथा प्रदर्शनमा सुरक्षाकर्मीहरुबाट अत्याधिक वल प्रयोग भएको लगायतका रहेको पाइएको छ ।

त्यसैगरी, नेपाल पत्रकार महासंघ, वागमती प्रदेशवाट प्राप्त जानकारी अनुसार सञ्चारकर्मीको मानव अधिकारको अवस्था सधैं जोखिम तथा असुरक्षित अवस्थामा रहेको भन्ने जानकारी प्राप्त हुन आएको छ । समाजमा रहेका विकृत्तिहरुलाई उठान गर्ने क्रममा सञ्चार क्षेत्रमा आक्रमण हुने गरेको साथै सन् २०२१/०२२ मा ७५ वटा र सन् २०२३/०२४ मा ६५ वटा पत्रकार सम्वद्ध घटनाहरु भएका छन् जसमा पत्रकारमाथि कुटपिट, धम्की, त्रास लगायतका घटनाहरु घटिरहेका देखिन्छन् ।

## २.३. जातीय भेदभाव तथा छुवाछूत विरूद्धको अधिकारको अवस्थाः

जात विशेषको आधारमा गरिने निषेध,बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ । मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकोले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसाय, राष्ट्रियता लगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइदैंन । यी र यस्तै यावत आधारमा गरिने यस प्रकृतिका कार्य नैतिक, सामाजिक र कानूनी रूपले समेत गम्भीर मानव अधिकार विरुद्धका कार्य मानिन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र र मर्यादामा समान हुने भनी उल्लिखित छ । जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि हैसियत लगायतका आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नपाइने हुन्छ ।

नेपालको संविधान,२०७२ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी व्यवस्था गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकारको परिपालना गर्न योजनावद्ध रुपमा अगाडि बढ्ने सन्दर्भमा आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) तय गरी कार्यान्वयन गरिरहेको छ । यसै सन्दर्भमा योजनाको परिच्छेद २ बस्तुस्थिति विश्लेषण शीर्षक अन्तर्गत सातवटा विषयलाई प्राथमिकताका साथ राखिएको छ जस अन्तर्गतको बुंदा नं.२ मा दिगो विकास लक्ष्य तथा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन गर्ने उल्लेख भए बमोजिम मानव अधिकार अवस्थामा सुधार ल्याउने उद्देश्य अनुरुप आयोगको रणनीतिक उद्देश्य कार्यान्वयन योजना अन्तर्गत

२.१.११.मा जातीय विभेद तथा छुवाछुत र दलित अधिकारको अवस्था विषयक अनुगमन गर्ने भनिएको छ । सो अनुरुप आयोगको वागमती प्रदेश कार्यालयवाट दलितको मानव अधिकार अबस्था विषयमा काभ्रेपलाञ्चोक जिल्लामा अनुगमन गरिएको थियो । यस आ.व. २०८०/८१ मा जातीय विभेदसंग सम्बन्धित एउटा उजुरी दर्ता भएको छ ।

्नेपाल विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र बनेको छ । सबै व्यक्तिहरुलाई विना भेदभाव, समान रुपमा कानूनको समान संरक्षण पाउने लगायतका व्यवस्थालाई तत् महासन्धिहरुले स्वीकारेका छन् । जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसुर सजाय) ऐन, २०६८ ले र नेपालको संविधान मा प्रस्तावनादेखि मौलिक हकको धारा २४ मा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक भनी जातीय भेदभाव तथा छुवाछुतजन्य कार्यलाई सार्वजनिक र निजी कुनै पनि स्थानमा गर्न नपाइने व्यवस्था गरी दण्डनीय कसूर घोषणा गरी सकेको अवस्था छ । संविधानको धारा ४० मा दलितको हकको व्यवस्था गरी दलित समुदायलाई नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा सक्षम र सवल बनाउन खोजिएको छ ।

आयोगमा दर्ता भएका उजुरीहरुको प्रकृति हेर्दा समाजमा मन्दिर प्रवेश, पानी पँधेरा, कोठा भाडा, होटल तथा घरमा हुने छोई छिटो, अन्तरजातीय विवाह, सार्वजनिक भोज, भतेर तथा सामाजिक कार्यहरु लगायतका विषयमा समाजमा विभेद हुने गरेको पाइएको छ । अशिक्षा, गरिवी, चेतनामा कमि, सामाजिक भेदभाव आदि कारणले जातीय विभेदका मुद्दाहरु प्रहरी प्रशासनसम्म जाहेरीको रुपमा नपुग्नु , जाहेरी दर्तामा प्रहरीबाट आलटाल गरिनु, अधिकांश विषयहरु मिलापत्रमा टुंगिने, दर्ता भएका विषयमा आरोपित पीडक फरार भई पक्राउ नपर्ने जस्ता समस्याहरु अझपनि विद्यमान रहेका छन् ।

जातीय विभेद न्यूनीकरणको सम्बन्धमा कान्तिपुर राष्ट्रिय दैनिकमा मिति २०८० भाद्र १२ मा प्रकाशित शैक्षिक प्रमाणपत्रको उमेर, नाम र जात सच्याउने अवधि अब पाँच वर्ष कायम शीर्षक समाचारमा शैक्षिक प्रमाण पत्रमा भएको उमेर, नाम र जात सच्याउनका लागि यसअघिको अवधि लम्याएर पाँच वर्ष तोकिएको उल्लेख छ । यसअघि प्रमाणपत्र पाएका मितिले ६ महिनाभित्र सच्याउनका लागि दरखास्त दिनुपर्ने प्रावधान रहेको थियो । यसलाई बढाएर हाल ५ वर्ष बनाइएको छ । मिति २०८०/५/६ गते मन्त्रिपरिषद्र बैठकले गृह मन्त्रालयको प्रस्तावमा उमेर, नाम र जात सच्याउने नियमहरू २०१७ लाई समयसापेक्ष परिमार्जन गरी (तेस्रो संशोधन) नियमहरू २०८० पारित गरेको थियो । संशोधित नियममा ’कुनै विद्यार्थीले शैक्षिक प्रमाणपत्र लिइसकेपछि नेपाली नागरिकताको प्रमाणपत्र

लिएको वा नागरिकता सम्बन्धी प्रचलित कानून बमोजिम नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर संशोधन गराएकोमा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर सच्याउन चाहेमा एक पटकको लागि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा विवरण सच्याएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ। तर कुनै विद्यार्थीले यो उपनियम प्रारम्भ हुनुअघि नेपाली नागरिकताको प्रमाणपत्र लिएको वा नेपाली नागरिकताको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर संशोधन गराएकोमा सो बमोजिम एसएलसी, एसइई वा कक्षा बाह्रको प्रमाणपत्रमा आफ्नो वा बाबु आमाको नाम वा थर वा नामथर सच्याउन पाँच वर्षभन्दा पुरानो कुनै व्यक्तिले पनि एक पटकको लागि यो उपनियम प्रारम्भ भएको एक वर्षभित्र दरखास्त दिन सक्नेछ । नागरिकता सच्चाएको एक वर्षभित्र पनि शैक्षिक प्रमाणपत्र सच्चाउन दरखास्त दिन सकिने प्रावधान रहेको छ ।

## २.४. वातावरण र विकासको अधिकार

नेपालको संविधान,(२०७२) को धारा ३० ले प्रत्येक नागरिकलाई स्वास्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता प्रदान गरेको छ । साथै सोही धाराको उपधारा २ मा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षतिवापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेतको उल्लेख रहेको छ। संविधानको अनुसुचीमा प्रदुषण न्युनीकरण गर्ने कार्य कार्य संघ, प्रदेश र स्थानीय सरकारको साझा दायित्वको रुपमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदुषण नियन्त्रण र नियमन पालिकाको अधिकार क्षेत्रभित्र समाहित गरेको छ । यसैगरी नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुले पनि स्वच्छ र स्वस्थ्य वातावरण एवं विकासको अधिकारको प्रत्याभूत गरेका छन्। वातावरण र विकासका वीचमा सामाञ्जस्यता कायम हुन नसक्दा नागरिकको मानव अधिकार प्रचलनमा अधिकाधिक समस्या देखिएको छ ।

मानवको स्वास्थ्यलाई मध्यनजर गर्दै विकासका कृयाकलापहरु सञ्चालित नहुँदा वातावरणीय समस्याहरुमा बढोत्तरी हुँदै गएका छन् । बागमती प्रदेश कार्यालय अन्तर्गतका विभिन्न जिल्लाहरुमा बाढी, पहिरो, सवारी दुर्घटना, विस्थापन, अकालमा मृत्यु जस्ता समस्या वढ्दै गएको, प्राकृतिक स्रोत साधनको अत्याधिक दोहनले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, सडक विस्तारको कारण प्रदुषणमा वृद्धि जस्ता समस्याहरु वढ्दै गएको पाइएको छ। चितवन, मकवानपुर लगायतका जिल्लाका जंगलहरुमा डढेलोको कारण वातावरण प्रदुषित भई विभिन्न स्वास्थ्य

समस्याहरु आउने गरेको जानकारी प्राप्त हुन आएको छ। अव्यवस्थित शहरीकरण, मानव अधिकारमैत्री विकास पद्धतिको कार्यान्वनमा समन्वयको अभाव, ऐन कानूनको प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नु जस्ता कारणले वातावरणीय समस्याहरु विकराल रुपमा वढ्दै गएको देखिन्छ।

कान्तिपुर राष्ट्रिय दैनिक,२०८० साउन ११ मा प्रकाशित समाचार अनुसार नुवाकोट र धादिङको सीमानामा रहेको बञ्चरेडाँडामा काठमाण्डौं उपत्यकासँगै आसपासका २१ वटा पालिकाको फोहोर विसर्जन गरिन्छ। ल्याण्डफिलको योजनाअनुसार विसर्जन नगर्दा फोहोरले बन्चरेडाँडा आसपासका गाउँ बस्ती दुर्गन्धित भएका छन्। जथाभावी फालिएको फोहोरले ७ सय घर परिवार वरपरको वातावरण प्रदुषित भई उनीहरुको जीवन अस्तव्यस्त बनाएको उल्लेख छ। सिसडोल नै फोहोरले भरिएपछि अलि पर रहेको बन्चरेडाँडामा फोहोर विसर्जन गर्न थालिएको प्रत्यक्ष अवलोकनको क्रममा देखिएको र उक्त क्षेत्रको करिव दुई किलोमिटर क्षेत्रका बस्तीहरूमा सहनै नसक्ने गरी दुर्गन्ध फैलिएको उल्लेख गर्दै त्यस क्षेत्रमा कि त फोहोर फाल्न तत्काल रोक्नुपर्‍यो, कि त ती मानिसलाई अन्यत्र सार्नुपर्‍यो भन्ने उल्लेख रहेको छ।

## २.५. आदिवासी जनजाति तथा अल्पसंख्यकका अधिकार

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ का अनुसार आदिवासी/ जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, बेग्लै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको, चार बर्णको हिन्दु बर्णाश्रम व्यवस्थाभित्र नपर्ने जाति वा समुदायलाई बुझिन्छ। आदिवासीसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि, १६९ मा भूमि अधिकार, प्राकृतिक साधन, स्रोतमा पहुँच, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विषयलाई समेटिएको छ। यस महासन्धिले निर्णय प्रक्रियामा सहभागिताको अधिकारलाई जोड दिनुका साथै आदिवासीका अधिकार संरक्षण, संवर्द्धन गर्ने लगायतका विषय उल्लेख गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गरी विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन गरिंदा यसमा सहभागी हुने अधिकार प्रदान गरिएको पाइन्छ।

नेपालको संविधान, (२०७२) मा मौलिक हक अन्तर्गत शिक्षा, भाषा तथा संस्कृतिसम्बन्धी हकमा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणको हक हुनेछ भन्ने उल्लेख गरिएको छ। सामाजिक न्यायको हक अन्तर्गत आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक सम्बन्धी प्रावधान छ।

राज्यका दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा राज्यको दायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुत्ता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था रहेको छ यसमा आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ । त्यस्तै राज्यले महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत अल्पसङ्ख्यक, भूमिहीन, सुकुम्बासी, कमैया, अपाङ्गता भएका, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्वपीडितका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनिएको छ ।

आदिवासी जनजातिको मानव अधिकारको संरक्षण, सम्मान र परिपालनाको लागि संविधानले आदिवासी जनजाति आयोगको परिकल्पना गरेको छ । सार्वजनिक सेवामा आरक्षणको व्यवस्थाले बिस्तारै सरकारी सेवामा आदिवासी जनजातिहरूको पहुँचमा वृद्धि हुँदै गएको देखिन्छ । आदिवासी जनजातिहरूभित्र पनि माझी, बोटे, मुसहर, राउटे, सुरेल, वनकरीया, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै दयनीय छ । सार्वजानिक महत्वका क्षेत्रमा उनीहरूको सहभागिता शूण्यजस्तै रहेको पाइएको छ । यस आ.व २०८०/२०८१ मा आदिवासी जनजाति तथा अल्पसंख्यकका अधिकार अन्तर्गत चितवन जिल्लावाट आयोगको यस कार्यालयमा एउटा उजुरी दर्ता हुन आएको छ । उक्त उजुरीमा अनुसन्धान सम्पन्न गरी निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइ सकिएको छ । यस अधिकार अन्तर्गतका उजुरीको प्रकृति हेर्दा नदि किनार एवं मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने बोटे, दराई तथा माझी समुदायको पुर्ख्यौली पेशा माछा मार्ने, निगुरो टिप्ने, बालुवा गिटी चाली आफ्नो जीविकोपार्जन गर्ने भएपनि पछिल्ला दिनहरुमा निकुन्ज प्रशासन र उनीहरुवीच असमझदारी बढेको पाइन्छ । चितवन राष्ट्रिय निकुन्ज एवं पर्सा राष्ट्रिय निकुन्जले समय-समयमा माछा मार्ने अनुमतिपत्र नवीकरण नगरी दिएको कारण पुर्ख्यौली पेशा गर्न नपाएको, ऐलानी जग्गामा खेती गर्दा जंगली जनावरले खेतीपाति खाई दिने गरेको तर क्षतिपूर्ति नपाउने जस्ता समस्याहरु विद्यमान रहेका छन् । आदिवासी जनजाति समुदायले विशेषतः निकुन्जभित्र प्रवेश गरी जंगली च्याउ, निगुरो टिप्दा जंगली जनावरको आक्रमणमा परी घाइते भएको तथा मृत्युका घटनाहरुमा राज्यले क्षतिपूर्ति उपलब्ध नगराएको भन्ने स्थानीयहरुको गुनासो रहेको छ ।

## २.६. अपांगता भएका व्यक्तिहरूको अधिकारको अवस्था

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि,२००६ र यसको स्वेच्छिक आलेखको नेपाल पक्ष राष्ट्र भइसकेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन,२०७४ र नियमावली,२०७७ कार्यान्वयनमा रहेका छन् । अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) सञ्चालनमा

रहेका पाइन्छन् ।

नेपालको संविधान (२०७२), अन्तर्राष्ट्रिय महासन्धि, ऐन तथा विभिन्न नीति तथा निर्देशिकाहरुले अपाङ्गता भएका व्यक्तिहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सेवा, सुविधा तथा न्यायमा पहुँच, भेदभाव विरुद्धको अधिकार, सामुहिक जीवनको अधिकार, राजनीतिमा सहभागिता, नीति निर्माणमा सहभागिता, सूचना तथा सञ्चारमा पहुँच, साँस्कृतिक जीवनमा सहभागी हुने अधिकार लगायतका अधिकारहरुको व्यवस्था गरिएको छ ।

सार्वजनिक स्थल तथा सरकारी संरचनाहरुमा अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव, सूचना तथा सञ्चारमा सहज पहुँचको अभाव, सार्वजनिक निकायका सूचना सामग्रीहरु सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहुँचयुक्त नभएका, स्वास्थ्य संस्था लगायत वढी जनसम्पर्क हुने सरकारी कार्यालयहरुमा दोभाषेको व्यवस्था नहुँदा सुनाई तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्ने सेवामा कठिनाई भोग्नुपरेको अवस्था छ । भौतिक संरचना, प्रक्रियागत झण्झट, कानूनी सचेतनाको अभाव जस्ता सैद्धान्तिक र व्यवहारिक कठिनताका कारण अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा सहज पहुँच सुनिश्चित हुन सकेको देखिंदैन ।

मानसिक तथा मनो-सामाजिक अपाङ्गता भएका व्यक्तिहरु अझै पनि उपचार अभावमा खोरमा थुनिनु पर्ने, वाँधिएर वस्नुपर्ने तथा अमानवीय जीवन विताउन परेको अवस्था कायम नै छ । अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलव्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा अझै पनि अपाङ्गता भएका व्यक्तिहरुलाई अधिकारको दृष्टिकोणबाट भन्दा पनि दया मायाका दृष्टिले हेर्ने गरिएको आयोगवाट भएको अनुगमन तथा छलफलको क्रममा पाइएको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी नियमावली, २०७७ ले पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई आवश्यकतानुसार व्यक्तिगत सहयोगी सेवा, दैनिक हेरचाह तथा स्याहार सेवा लगायतका सेवा उपलब्ध गराउने भनी उल्लेख भएको देखिन्छ । यसको व्यवहारिक कार्यान्वयन भने अझै हुन सकेको छैन ।

यस आ.व मा यस कार्यालयमा अपांगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ४ वटा उजुरीहरु दर्ता भएका छन् । जसमा द्वन्द्वमा वेवारिसे बम, खेलौना सम्झी घरमा लिएर आई खेलाउँदा घाइते भएको भएपनि राज्यबाट कुनै क्षतिपूर्ति पाएको देखिंदैन भने अपांगता भएका बालिका तथा महिलाहरु जवरजस्ती करणीमा

परी प्रहरीमा जाहेरी दरखास्त दर्ता भएपनि आरोपित पीडक पक्राउ नपरेको लगायतका उजुरीहरु आयोगको यस कार्यालयमा दर्ता हुन आएका छन् जसमा आयोगवाट पीडित परिवारसंग छलफल तथा सम्बन्धित निकायलाई घट्नाको सम्बन्धमा सत्यतथ्य माग गरी आवश्यक अनुसन्धान प्रकृया अगाडि बढाइएको छ ।

## २.७. जातीय भेदभाव विरूद्धको अधिकारको अवस्था

नेपालले जातीय भेदभाव विरूद्धको महासन्धिलाई अनुमोदन गरी राष्ट्रिय कानूनद्वारा छुवाछुत तथा जातीय भेदभावलाई दण्डनीय बनाइएको छ । कानूनी रुपमा दण्डनीय अपराध भएतापनि व्यवहारत: अझै पनि जातीय आधारमा छुवाछुत र विभेद हुने गरेको पाइन्छ। राष्ट्रिय दलित आयोगले आ.व. २०७८/७९ को दोश्रो वार्षिक प्रतिवेदन,२०७९ मसिर २५ गते बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्मा समक्ष प्रस्तुत गरेको छ । सो प्रतिवेदन अनुसार दलित समुदायको शिक्षाको अवस्थातर्फ कक्षा ८ उतीर्ण गर्ने २५ प्रतिशत एस.इ.ई.उतीर्ण गर्ने १.६ प्रतिशत र साक्षरता ४९ प्रतिशत रहेको, स्वास्थ्य तथा सरसफाईमा न्यून पहुँच, रोजगारीको अवसरमा ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको र १.९४ प्रतिशतमा मात्र रोजगारीको अवसर रहेकोले दलित समूदाय चरम गरिबीमा रहेको प्रतिवेदनले देखाएको छ ।[1]

## २.८. महिला अधिकारको अवस्था

नेपालको कूल जनसंख्याको आधाभन्दा बढी जनसंख्या महिलाहरुको रहेको छ। महिलाहरुको समग्र अवस्थामा सुधार नआएसम्म मुलुकले विकासको गतिलाई अघि बढाउन सक्दैन् । महिलाउपर हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि,१९७९ मा महिलाउपर हुने शारीरिक,मानसिक,सामाजिक राजनीतिक विभेद अन्त्य गर्नुपर्ने कुरामा जोड दिएको छ । नेपालको संविधान, २०७२ र नेपालको अन्य कानूनले महिला अधिकार संरक्षित र सुरक्षित गरेको भएतापनि अझैसम्म यसको कार्यान्वयन पक्ष फितलो नै रहेको छ। अन्य प्रदेशमा झैं बागमती प्रदेशमा पनि महिलालाई घर परिवार र समाजले विभेद गर्ने गरेको पाइएको छ। दाइजो कम ल्याएको वा नल्याएको भन्ने नाममा घरबाट निकाला गर्ने,मानसिक र शारीरिक यातना दिने तथा हत्या गर्नेसम्मका घटनाहरु समेत यदाकदा हुने गरेको पाइन्छ ।  महिलाहरुको अपहरण, घरेलु हिंसा तथा दुर्व्यवहार गर्ने लगायत यौनजन्य हिंसाका घटनाहरुमा दिनानुदिन बृद्धि भैरहेको देखिन्छ । परिवारभित्र महिलाहरुको निर्णय प्रकृयामा भूमिका न्यून हुने कारण सम्पत्तिमा उनीहरुको

1. राष्ट्रिय दलित आयोगले आर्थिक बर्ष २०७८/२०७९ को दोस्रो बार्षिक प्रतिवेदन पृष्ठ नं ९

पहुँचको कमि रहेको देखिन्छ । यस प्रदेशभित्र चेपाङ्ग, जिरेल, दलित, माझी, दनुवार आदि समुदायमा बालविवाह हालसम्म पनि प्रमुख समस्याका रुपमा देखिएका छन् । महिलाले घरमा गरेको काम र श्रम शक्तिको आर्थिक रुपमा मूल्याङ्कन नहुने परिपाटीका कारण महिलाहरुको आर्थिक पर-निर्भरतामा बृद्धि हुनु, संविधान तथा कानूनी रुपमा समान कामका लागि समान ज्याला भनिएता पनि अनौपचारिक क्षेत्रमा यो व्यवस्था लागु भएको पाइदैंन । यसका कारण महिलाहरु दिन प्रतिदिन प्रताडित बन्नु पर्ने अवस्था सिर्जना भएको छ ।

यसै परिप्रेक्ष्यमा आयोगको यस कार्यालयबाट मद्दत नेपाल नामक एक संस्थाले आफुलाई कुटपिट र दुर्व्यवहार गरेको तथा तहाँ रहेका बालबालिकाहरुलाई दुःख, पीडा दिने गरेको भनी यस कार्यालयमा परेको एक उजूरीको सम्बन्धमा यस कार्यालयबाट तहाँको स्थलगत अनुसन्धान गरी सम्बन्धित पीडक भनिएकाहरुलाई अवदेखि त्यसो नगर्न सुझाइएको थियो । काठमाण्डौको मण्डिखाटारकी एक महिलालाई निजका श्रीमान्, सासु र ससुराले अनेकन् पीडा, यातना दिने गरेकोमा मानव अधिकार संरक्षण गरी अदालतको आदेश पालना गर्न सम्बन्धित पक्षहरुलाई सुझाइएको छ । बालाजुमा रहेको R.K. Entertainment Pvt. Ltd. ले सहभागी Miss Nepal Beauty Pageant का सहभागी युवतिहरुलाई तालीमको समयमा विभिन्न वहाना बनाई Harassment गर्ने गरेकोमा सोको अनुसन्धान गरी न्याय दिलाई पाउँ भनी पर्न आएको उजूरी सम्बन्धमा सम्बन्धित पक्षलाई पत्राचार लगायत अनुसन्धान गरी सम्बन्धित पक्षलाई मानव अधिकार पालना गर्नका लागि सुझाव दिइएको थियो ।

## २.९ बाल अधिकारको अवस्था

अन्य मानिसका अधिकार सरह बालबालिकाका पनि आधारभूत अधिकारहरु हुन्छन्। बालबालिका भनेको मुलुकका चम्किला ताराहरु हुन् , भविष्यका कर्णधारहरु हुन् । बालबालिकाले, बालबालिका भएको कारण अन्य ब्यक्ति सरह पाउनु पर्ने अधिकार नै बाल अधिकार हो । नेपालको संविधान, (२०७२) को धारा ३९ मा बालबालिकाको हक सम्बन्धी ब्यवस्था गरिएको छ । जसमा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार-सम्भार प्राप्त गर्ने, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने कुरा उल्लिखित रहेको छ । कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन नपाइने, बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने । यस्तै प्रारम्भिक बाल विकास तथा बाल-सहभागिताको हक हुने, सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक

प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य तथा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने, घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने, बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने उल्लेख छ । यसप्रकार संविधानले निर्देशित गरे विपरीतका कार्य गरेमा त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम न्यायोचित क्षतिपूर्ति पाउने हक हुने कुरा समेत मौलिक हकमा समावेश गरिएको छ । नेपालले बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ लाई अनुमोदन गरेको छ भने संविधानको मौलिक हक एवं बाल अधिकार महासन्धिको दायित्व पूरा गर्न बालबालिका सम्बन्धी ऐन,२०७५ जारी भएको छ ।

बालबालिकाको जीवनको अधिकार, संरक्षित हुने अधिकार, विकास तथा सहभागिताको अधिकारलाई संरक्षण गर्न सरकारी तहमा विभिन्न सकारात्मक प्रयासहरु थालनी हुन लागेका छन् । निःशुल्क शिक्षाको लागि राज्यबाट लगानी बढेको देखिएको छ । निजी विद्यालयमा गुणस्तरीय शिक्षा, बालमैत्री पठन पाठन, दण्डरहित विद्यालयमा पठन-पाठन गर्ने लगायतका सरकारी एवं गैरसरकारी तवरमा प्रयास भैरहेको पाइन्छ भने सरकारी विद्यालयतर्फ यसको समुचित व्यवस्थापन र प्रभावकारी अनुगमन, मूल्याङ्कनको अभावले अभिभावकको आस्था र विश्वासमा खासै बढोत्तरी हुन सकेको छैन । विद्यालयमा विद्यार्थीलाई अनुशासनको नाममा दिइने शारीरिक र मानसिक यातना, सार्वजनिक विद्यालयले विभिन्न शीर्षक अन्तर्गत उठाउने शुल्क निर्धारण गरी रकम लिने कार्यबाट निःशुल्क शिक्षालाई चुनौती नै थपिदिएको छ ।

मकवानपुर जिल्लाको बकैया गाउँपालिका वडा नं. १२ ठिंगनका श्रीजल थिङले विद्यालय टाढा भएको कारण आफ्नो पढाई वीचमै छाड्न बाध्य भएको जानकारी समेत प्राप्त हुन आयो । यद्दपि अध्ययन गर्ने चाहना हुँदा हुँदै पनि उक्त स्थानका कलिला बालबालिकालाई ३ घण्टासम्म पैदल हिडेर विद्यालय जानु पर्ने अवस्था रहेकोले नि.मा.वि. अध्ययनका लागि दिनदिनै ३ घण्टा हिंड्न सम्भव नभएकोले विद्यार्थीहरु डेरा नै गरी बस्नु पर्ने भएकोले वीचमै पढाइ छाड्न बाध्य रहेको समेत पाइयो ।

विगत सात वर्षदेखि दोलखा जिल्लाको पुरानो मध्येको एक जिरी माध्यामिक विद्यालयमा जस्ताको टहरामा पठनपाठन हुँदै आएको र उक्त विद्यालयमा हाल ६ सय ५० भन्दा बढी विद्यार्थीहरु हरेक दिन सकसपूर्ण रुपमा जीर्ण अस्थायी

टहरामा पढ्न बाध्य छन् । नेपाल सरकार अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पहलमा चीन सरकारको सहयोगमा जिरी माध्यमिक विद्यालयको २०६९ सालमा सर्वेक्षण गरेर २०७४ सालमा विद्यालय भवन निर्माण गरिसक्ने सहमति पत्रमा हस्ताक्षर भएपनि सहमति बमोजिम हालसम्म विद्यालय भवन बन्न सकेको छैन ।

यस्तै चितवन जिल्लाको रत्ननगर नगरपालिकामा रहेको एकता शिशु निकेतनमा मिति २०८० फाल्गुण १२ गते विद्यालय परिसरको छात्रावासको कोठामा झुण्डिएको अवस्थामा फेला परेकी बालिका छात्रा शालीन पोखरेल मृत्युको उजूरी सम्बन्धमा अनुसन्धान गरी यस प्रकारका घटनाहरुको न्यूनीकरणको लागि अभिभावक, विद्यार्थी र स्थानीय तहको भूमिकाको सम्बन्धमा मनो-सामाजिक विशेषज्ञलाई सहभागी गराएर प्रवर्द्धनात्मक कार्य गर्न सम्बन्धित पक्षलाई सुझाइएको थियो ।

## २.१०. जेष्ठ नागरिकको अधिकारको अवस्था :

जेष्ठ नागरिक समाजका अमूल्य निधि हुन् । जेष्ठ नागरिकहरुसंग अथाह ज्ञान, सीप तथा क्षमता रहेको हुन्छ जसलाई समाजले धेरै विषयमा उनीहरुको क्षमतालाई उपयोग गर्न सक्छ तथापि यदाकदा जेष्ठ नागरिकहरुमाथि विभिन्न प्रकारका घटनाहरु घट्न पुग्छन् । यसै सन्दर्भमा काभ्रेपलाञ्चोक जिल्ला भुम्लु गाउँपालिकाका ७० बर्षिय जेष्ठ नागरिक हिराकाजी तामाङ्गलाई खानेपानीको पाइप अवरुद्ध गरी कुटपिट समेत गरेको विषयमा परेको उजूरी उपर यस कार्यालयको अनुसन्धान टोलीले स्थलगत अनुसन्धान गरी स्थानीय तह पालिकालाई यस्ता घटनामा दुवै पक्षवीच छलफल, मेलमिलाप गराउन प्रोत्साहन दिन सुझाइएको थियो ।

## २.११. सामाजिक वहिष्करणको अवस्था

दोलखा जिल्लाको वैतेश्वर गाउँपालिका वडा नं. ६ वनगाउँ बस्ने सुन्तली घिमिरेलाई निजका श्रीमान्लाई आपराधिक अभियोग लागेको कारण कूलपूजा गर्न मन्दिरमा प्रवेश नगराउने र देवालीस्थानबाट वहिष्कार गरेको घटनामा यस कार्यालयमा परेको उजूरी सम्बन्धमा जिल्ला प्रहरी कार्यालय दोलखाले जाहेरी लिन नमानेकोमा घटनाको स्थलगत अनुसन्धान गरी जिल्ला प्रहरी कार्यालय दोलखालाई जाहेरी दर्ता गरी प्रभावकारी अनुसन्धानको लागि पत्राचार गरिएको थियो । साथै आयोगको यस कार्यालयको अनुसन्धान टोली खटिई स्थलगत अनुगमन गरी प्रतिवेदन समेत बुझाएको थियो ।

## २.१२. यातना विरुद्धको अधिकार

नेपालको सविधानले यातना विरुद्धको हकलाई मौलिक हकको रुपमा सुनिश्चित

गरेको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि प्रचलित कानून बमोजिम कसूरको अनुसन्धान तथा अभियोजन गर्ने, कानूनको कार्यान्वयन गर्ने वा कानून बमोजिम नियन्त्रण, हिरासत वा थुनामा राख्ने अधिकार प्राप्त अधिकारीले कसैलाई शारीरिक वा मानसिक यातना दिन वा क्रुर, निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न वा गराउन निषेध गरेको छ। त्यस्तो कार्य गरेमा कसुरको गाम्भीर्यता हेरी पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा ७ ले पनि यातनालाई निषेध गरेको छ । यातना, क्रुर र अमानवीय एवं अपमानजनक व्यवहार विरुद्धको महासन्धि,१९८४ लाई नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा नीति, कानूनी संरचना बन्न ढिला भइ सकेको छ । अभियुक्तको सावितिको आधारमा प्रमाण संकलन गर्ने पुरानो अनुसन्धान पद्धतिको निरन्तरताका कारण प्रहरी हिरासतमा यातना, कुटपिट, दुर्व्यवहार भएको भन्ने घटना सम्बन्धमा आयोगको यस कार्यालयमा उजुरी दर्ता भई अनुसन्धानको क्रममा रहेका छन् । जिल्लागत रुपमा हेर्दा गत आ.ब.मा दोलखा जिल्ला प्रहरी कार्यालयवाट हिरासतमा बढी जसो यातना दिने गरेको भन्ने पाइएकोमा उजूरी परेको घट्ना सम्वन्धमा यस कार्यालयवाट आवश्यक प्रकृया अगाडि बढाइएको छ ।

## २.१३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार

प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाँच्न पाउने हक हुनेछ भनी नेपालको संविधान, २०७२ को धारा १६ ले ब्यवस्था गरेको छ। ऐनको धारा १७ (ङ) ले नेपालको कुनै पनि भागमा आवत-जावत र बसोबास गर्ने स्वतन्त्रताको हक रहेको कुरा उल्लेख छ । धारा १७ (च) ले नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरेको छ । यद्पी तेश्रो लिङ्गी समुदायका मानिसहरुले आफ्नो यस अधिकारको उपभोग गर्न पाएका छैनन् । काठमाडौंका बसपार्क क्षेत्रहरुमा पारलैङ्गिक व्यक्तिहरूमाथि प्रहरीले पक्राउ गरी कुटपिट समेत गरेको भन्ने उजूरीहरु यस कार्यालयमा आउने गरेका पाइन्छन् । प्रहरीको रेकर्ड र भनाईलाई आधार मान्ने हो भने यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मानिसहरु कामको लागि भनी रात-विरात हिंड्ने र होहल्ला गर्ने कार्यले तेश्रोलिङ्गीहरुलाई स्थानीय मानिसहरुको उजूरीको आधारमा पक्राउ गरी कारवाही चलाउन प्रहरी प्रशासन बाध्य रहेको देखिएको छ । हालै काठमाण्डौंमा एकजोडी यौनिक तथा लैङ्गिक अल्पसंख्यक ब्यक्तिलाई परिवारले छुट्टयाउने निर्णय गरी छुट्टयाएको घटनाको सम्बन्धमा नीलहीरा समाजले यस कार्यालयमा जानकारी

गराई आवश्यक परामर्श माग गरेकोमा यस कार्यालयले परामर्श उपलब्ध गराएको थियो । यस आर्थिक बर्षमा तेश्रो लिङ्गी ब्यक्तिहरुको उजूरी सम्बन्धमा यस कार्यालयले आवश्यक पत्राचार गरी थप अनुसन्धानको कार्य अघि बढाई न्यायको प्रत्याभूति गराउन निरन्तर प्रयासरत रहेको छ। साथै सम्मानीत सर्वोच्च अदालतको हालैको अन्तरिम आदेशले समलिङ्गी विवाह गर्न दर्ताको बाटो खुलेको छ। समलिङ्गी विवाह दर्ता गर्ने कानूनी ब्यवस्था गरिपाउँ भन्दै पिंकी गुरुङ्ग (सञ्जीव गुरुङ्ग) समेतले दायर गरेको निवेदनमाथि सुनुवाई गर्दै सर्वोच्च अदालतका न्यायाधीश तिल प्रसाद श्रेष्ठको इजलाशले २०८० असार १२ गते मंगलवार अन्तरिम आदेश दिएको थियो। सर्वोच्च अदालतले संविधान प्रदत्त लैंङ्गिक पहिचानसहितको नेपालको नागरिकता प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको र विवाह गर्ने स्वतन्त्रता हुने गरी ब्यवस्था भएको तथा नेपालको मुलुकी देवानी संहिता, २०७४ को दफा ६९(१) मा प्रत्येक नागरिकलाई विवाह गर्ने स्वतन्त्रता हुने ब्यवस्था रहेको छ । साथै संविधानको धारा १२ मा लैंङ्गिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र  प्राप्त गर्न सक्ने ब्यवस्था रहेको तथा संविधानकै धारा १८(१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने ब्यवस्था भइरहेको देखिंदा सर्वोच्च अदालतले प्रस्तुत रिट निवेदनको अन्तिम किनारा लगाउँदाका बखत अन्यथा हुने ठहरेमा सोही बमोजिम हुने गरी हाललाई  प्रस्तुत रिट निवेदनका निवेदकहरु र निवेदक सरहका जोडीहरुले निवेदन माग गरेमा विवाहको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने ब्यवस्था गर्नु, गराउनु हुन भन्दै आदेश दिएको छ । सर्वोच्च अदालतको आदेशसंगै सरकारले अव समलिङ्गी विवाह दर्ताको ब्यवस्था सरकारले गर्नुपर्ने भएको छ । निवेदक पिंकी गुरुङ्गले सर्वोच अदालतको यस आदेशले समलिंङ्गी जोडीहरुका आधारभूत समस्या समाधान हुने, आर्थिक कारोवारका जटिलताले निकास पाउने बताइन् । उनका अनुसार सर्वोच्च अदालतको आदेश सबैलाई मान्य हुनुपर्ने र न्यायालयले नागरिकलाई अधिकार प्रदान गरी कानून निर्माणको आधार तय गर्नुका साथै समुदायको माग पनि सम्बोधन गरि दिएको छ । साथै आफ्नो पक्षमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको भन्दै निलहिरा समाज लगायत लैंङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकारको क्षेत्रमा काम गर्ने संघ, संस्थाहरुले मुलुकभरी समेत खुशियाली मनाएका थिए ।

## परिच्छेद-३

### ३. प्रवर्द्धनात्मक गतिविधि

संवैधानिक एवं कानूनी दायित्व अन्तर्गत आयोगको यस कार्यालयले आफ्नो प्रादेशिक क्षेत्रभित्र मानव अधिकार प्रवर्द्धन सम्बन्धी गतिविधिहरु सञ्चालन गदै आएको छ । मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धि गर्दै मानव अधिकार सम्बन्धी विषयमा वकालत, सूचना सम्प्रेषण गर्दै संवर्द्धनात्मक कार्यमा आयोगको महत्वपूर्ण भूमिका हुने गर्दछ । आयोगको रणनीतिक योजना तथा बार्षिक कार्ययोजनामा आधारित प्रवर्द्धनात्मक क्रियाकलापबाट मानव अधिकार सचेतना अभिवृद्धि एवं मानव अधिकार संस्कृतिको विकासमा टेवा पुगेको छ । मानव अधिकारको संवर्द्धन, मानव अधिकार सहकार्य तथा समन्वय सम्बन्धी निर्देशिका, २०६९ जारी भई कार्यान्वयनमा रहेको छ । यस कार्यालयले प्रदेश सरकार तथा स्थानीय सरकारहरुसंग समन्वय र सहकार्य गरी अन्तर्कृया, छलफल, गोष्ठी, तालिम, कार्यशालाजस्ता गतिविधिहरु समेत सञ्चालन गर्दै आएको छ । मानव अधिकारको क्षेत्रमा कार्यरत गैर-सरकारी संस्था र स्थानीय तहसंग समन्वय र सहकार्य गरी निरन्तर रुपमा कार्यक्रमहरु संञ्चालन गर्दै आएको छ । विभिन्न संबैधानिक आयोग, मानव अधिकार एवं पेसागत संघ, संस्थाद्धारा आयोजित मानव अधिकार सम्बन्धी कार्यक्रमहरुमा (स्रोत व्यक्ति/विशेषज्ञ सेवा र प्रमुख अतिथि, अतिथि तथा सहभागी) सहभागिता जनाउँदै सम्वर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन भएका छन् । प्रवर्द्धनात्मक कार्यक्रमहरुको विवरण निम्न अनुसार समेटिएको छ :-

### ३.१ ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस,२०२३

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा, मकवानपुरद्वारा मिति २०८० मंसिर २४ गते अर्थात् १० डिसेम्बरको अवसरमा " भविष्यमा मानव अधिकार सस्कृतिलाई एकीकृत र दिगो बनाउँदै लैजाऔं ।" भन्ने मूल नाराका साथ ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस भब्यताका साथ सम्पन्न गरिएको छ । मानव अधिकारका सवालहरुलाई आम नागरिक समक्ष जनचेतना अभिवृद्धि गर्ने, मानव अधिकार संस्कृतिको विकासका लागि सरोकारवाला निकायसंग समन्वय र सहकार्य अभिवृद्धि गर्ने उद्देश्यका साथ प्रदेश राजधानी हेटौडाको सामना होटलमा आयोजित सो कार्यक्रममा आयोगको बागमती प्रदेश कार्यालयका नि.प्रमुख रेवा रेग्मीको अध्यक्षता तथा उच्च अदालत पाटन हेटौडा इजलाशका माननीय न्यायाधीश यमुना भट्टराईको प्रमुख आतिथ्यता रहेको थियो । उक्त कार्यक्रममा प्रदेश सरकारका सचिवहरु, विभिन्न कार्यालयका

प्रमुखहरु, बिभिन्न गैर सरकारी संघ, संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकार, समाजसेवी, विद्यार्थी आदिको उपस्थिति रहेको थियो । सो कार्यक्रममा आयोगको बागमती प्रदेश कार्यालयका नि.प्रमुख रेवा रेग्मीले राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको  आमन्त्रणलाई सहर्ष स्वीकार गरी कार्यक्रममा पाल्नु हुने सम्पूर्ण अतिथिलाई स्वागत गर्दै आयोगको वार्षिकोत्सवमा शुभकामना आदान प्रदान कार्यक्रमले मानव अधिकार संस्कृतिको विकासका साथै मानव अधिकार संरक्षण र प्रवर्धनमा सवै क्षेत्रबाट योगदान गर्ने प्रेरणा मिल्ने अपेक्षा गर्नु भएको बताउनु भयो । सो कार्यक्रममा प्रमुख रेग्मीले आयोगमा आ.व २०७९/२०८० मा राष्ट्रिय मानव अधिकार आयोगद्वारा सम्पादित काम तथा आयोगको बागमती प्रदेश कार्यालयले गरेका कार्य प्रगतिको संक्षिप्त जानकारी समेत गराउनु भएको थियो ।

## ३.२ २५ औं स्थापना दिवस तथा २४औं बार्षिकोत्सव

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौडा मकवानपुरले  मिति २०८१ जेठ १३ गते आयोगको २५ औं स्थापना दिवसमा शुभकामना आदान प्रदान कार्यक्रम भव्यताका साथ सम्पन्न गरेको छ । मानव अधिकार आयोगको स्थापना दिवसको अवसरमा शुभकामना आदान-प्रदान गर्ने, मानव अधिकारका सवालहरुमा सचेतना अभिवृद्धि गर्ने तथा मानव अधिकार संरक्षण र प्रवर्धनमा सरोकारवाला निकायसंग समन्वय सहकार्य अभिवृद्धि गर्ने उद्देश्यका साथ बागमती प्रदेशको राजधानी हेटौंडाको सामना होटलमा आयोजित सो कार्यक्रममा प्रमुख अतिथि तथा बागमती प्रदेश सभाका माननीय सभामुख भुवनकुमार पाठकले राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा उल्लेख्य भूमिका निर्वाह स्मरण गर्नु भयो । आयोगको स्थापना कालमा नेपालमा लामो द्वन्द्व चलिरहेको थियो । द्वन्द्वको अवस्था सामान्य थिएन । त्यस्तो अवस्थामा समेत आयोगले जुन भूमिका निर्वाह गऱ्यो त्यसको लागि धन्यवाद व्यक्त गर्दछु भन्दै मानव अधिकार जीवन र मर्यादामा मात्र परिभाषित नभई वातावरण र विकास, विकास र मानव अधिकार जस्ता नयाँ नयाँ आयामहरु मानव अधिकारका परिभाषामा थपिएका छन् । अधिकारको कुरा गर्दा कर्तव्य सँगै जोडिएर आउँछ । सबैले आफ्नो अधिकार खोज्दा कर्तव्य विर्सन्छौं । आयोग अन्ततः “क” श्रेणीमा रहनु खुसीको कुरा हो र आगामी दिनमा समेत त्यसको श्रेणी नघट्ने गरी कार्य गर्न अनुरोध समेत गर्नु भएको थियो ।  आयोगले मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान सम्पन्न गरि Strongly Recommend गरेका कुराहरु पनि राज्य र राज्यका निकायहरुले  कार्यान्वयन नगरेको अवस्था छ । आयोगले नेपाल सरकारलाई गरेका सिफारिस कार्यान्वयनको प्रतिशत कम रहनुले मानव अधिकार उल्लंघनवाट पीडित

व्यक्तिले प्रभावकारी रुपमा न्यायको अनुभूति गर्न नसकेको धारणा राख्नुभएको थियो। अन्त्यमा आयोगले पछाडि परेका समुदाय, पिछडिएको क्षेत्र, सीमान्तकृत वर्ग, महिला, यौनिक अल्पसंख्यक, दलित, अपाङ्ग लगायतका अधिकारका विषयमा अझै बढी Proactive भएर काम गर्ने अपेक्षा राख्दै आयोगलाई २४ औं वार्षिकोत्सवको शुभकामना प्रदान गर्नुभएको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका नि.कार्यालय प्रमुख रेवा रेग्मीले कार्यक्रममा उपस्थित सम्पूर्ण अतिथिलाई स्वागत गर्दै आयोगको वार्षिकोत्सवमा शुभकामना आदान- प्रदान कार्यक्रमले मानव अधिकार संस्कृति विकास गर्नुका साथै मानव अधिकार संरक्षण र प्रवर्धनमा सवै क्षेत्रबाट योगदान र प्रेरणा मिल्ने अपेक्षा गरेको उल्लेख गर्दै कार्यालय प्रमुख रेग्मीले आयोगमा आ.व २०८०/०८१ को श्रावणदेखि जेष्ठ १२ सम्म आयोगको बागमती प्रदेश कार्यालयले गरेका काम, कारवाही तथा कार्य प्रगतिको संक्षिप्त जानकारी समेत गराउनु भएको थियो । आयोगको बागमती प्रदेश कार्यालयका नि.प्रमुख रेवा रेग्मीको अध्यक्षता तथा बागमती प्रदेश सभाका माननीय सभामुख भुवनकुमार पाठकको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश सरकारका सचिवहरु, विभिन्न कार्यालयका प्रमुखहरु, बिभिन्न गैर-सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थिति रहेको थियो ।

### ३.३ सरोकारवालाहरूसंग समसामयिक विषय मानव अधिकार उल्लंघनका घटना तथा वर्तमान अवस्था विषयमा अन्तर्कृया

मानव अधिकारका मूल्य र मान्यतालाई सबै सामु स्थापित गर्ने उद्देश्यसहित आयोगको छैटौं रणनीतिक योजनाले “जीवन मर्यादा, समानता र स्वतन्त्रताको अधिकार दिगो शान्ति र समुद्धिको आधार” भन्ने नारा अघि सारेको छ । यस अवधारणालाई व्यवहारमा रुपान्तरण गर्न विविध प्रवर्द्धनात्मक गतिविधिहरु अगाडि बढाउँदै आएको छ। यसै परिप्रेक्ष्यमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, हेटौडा मकवानपुरले मिति २०८१ असार १७ गते कार्यालयको सभाहलमा नेपाल बार एशोसिएसन, गैरसरकारी संस्था महासंघ,मकवानपुर, सिविन नेपाल, न्यानो आँगन नेपाल, माइती नेपाल, मानव अधिकारका लागि एकल महिला समुह, फेन्डस् हेटौडा, मामाघर नेपाल, फियान नेपाल, अस्मिता नेपाल, पत्रकार लगायत नागरिक समाजका प्रतिनिधिहरुसँग आ.व.२०८०/०८१ अन्तर्गत बागमती प्रदेशका १३ वटै जिल्लाहरुमा घटेका मानव अधिकार उल्लंघनका घटना तथा वर्तमान अवस्थामा मानव अधिकारको अवस्था शीर्षकमा अन्तर्कृयात्मक कार्यक्रम सम्पन्न गरिएको थियो। आ.व २०८०/०८१ बागमती प्रदेश अन्तर्गतका जिल्लामा घटेका मानव अधिकार उल्लंघनका घट्नामा छलफल मार्फत मानव अधिकार

संरक्षण कार्यमा पहल गर्ने जानकारी गराइएको थियो । वर्तमानमा वागमती प्रदेश अन्तर्गत मानव अधिकारको अवस्थाको सम्बन्धमा जानकारी प्राप्त गर्ने र प्राप्त जानकारी अनुसार मानव अधिकार संरक्षणको लागि अनुगमन तथा अनुसन्धान कार्यलाई प्राथमिकीकरण गर्ने र दोषिलाई कारवाही तथा पीडितलाई क्षतिपूर्तिको लागि सिफारिस गर्ने। मानव अधिकार संरक्षण र प्रवर्धनमा सरोकारवाला निकायसंग समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने लगायतका उद्देश्य रहेको सो कार्यक्रममा मकवानपुर जिल्लामा अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामा आँच पुऱ्याउने कार्य भएको, पत्रकारहरु माथि स्थानीय तहका जनप्रतिनिधिहरुवाटै दुर्व्यवहार गर्ने गरिएको, ज्येष्ठ नागरिकले प्राप्त गर्ने सामाजिक-सुरक्षा भत्ताको लागि राष्ट्रिय परिचय-पत्र अनिवार्य गरिएको भन्ने नेपाल सरकारको सूचनाले भत्ता प्राप्तिमा गम्भीर समस्या उत्पन्न भएको भन्ने जानकारी सहभागीहरुबाट प्राप्त हुन आयो । वागमति प्रदेश अन्तर्गत मकवानपुर जिल्ला लगायतका स्थानमा बालयौन दुर्व्यवहारमा अभिभावक स्वयम्को संलग्नता रहेको, मकवानपुर जिल्लाको राक्सिराङ्गमा वाल विवाह साथै वालबालिका वेचविखनका घट्नाहरुले निरन्तरता पाइरहेको, मकवानपुर जिल्लामा मानव बेचविखन कार्यवाट पीडित भई नेपाल फर्कि सकेपछि प्रहरीमा उजुरी दर्ता गर्न जाँदा आरोपित पीडकको पुरा नाम थर, वतन नभई किटानी जाहेरी गर्न नसकिने भनि प्रहरीले जाहेरी नलिएको, मानव वेचविखन जस्ता अपराध नियन्त्रणका लागि झुटा आश्वासन तथा प्रलोभन देखाएर, ललाई फकाई वेचविखनकै लागि नागरिकता तथा राहदानी परिचयपत्र बनाउन सघाउने स्थानीय मतियार तथा बेचविखनमा संलग्नहरुलाई समेत कारवाही गरिनु पर्ने सहभागीहरुबाट आवाज उठाइएको थियो । समाज कल्याण परिषदवाट विना कारण गैर सरकारी संघ सस्थाहरुको वार्षिक नवीकरण गर्नका लागि अनावश्यक झण्झट थपिएको तथा नवीकरणका क्रममा अत्याधिक शुल्क असुल्ने गरिएको र शुल्क नबुझाएको भनी नवीकरण नै नगरी दिएको विषय उठान गरिएको थियो । मध्यवर्ति क्षेत्र वरपरका वासिन्दाहरुले आफुले भोगचलन गर्दै आएको जग्गा जमिनको लालपुर्जा जिल्ला समन्वय समितिमा रहेकोले उक्त लालपूर्जा जग्गा धनीलाई उपलब्ध गराउनुपर्नेमा सो नगराएको भन्ने जस्ता गुनासाहरु सहभागीहरुबाट आएको थियो । यसैगरी मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नम्वर १८ मा एक पुरुषले आफ्नो श्रीमतिलाई एकजना वच्चा भइसक्दा समेत विवाहदर्ता नगरेको र वच्चाको जन्मदर्ता समेत नगरिदिएको, श्रीमतिलाई उनको बैवाहिक तथा पारीवारिक अधिकारवाट वञ्चित गरी गम्भीर मानसिक यातना दिने गरेको सम्बन्धमा आयोगमा दर्ता गराएको उजुरी उपर आयोगवाट तत्काल पहल गरी विवाह-दर्ता तथा जन्मदर्ता भएकोमा सम्बन्धित अधिकृत तथा आयोगलाई

धन्यवाद दिनुभएको समेत सहभागीबाट जानकारी गराइएको थियो । सो अन्तर्कृया कार्यक्रमको अध्यक्षता आयोगका नि. कार्यालय प्रमुख रेवा रेग्मीले गर्नु भएको थियो । कार्यक्रमको सहजिकरण तथा सञ्चालन मानव अधिकार अधिकृत कृष्ण प्रसाद मिश्रले गर्नु भएको थियो । कार्यक्रममा नागरिक समाजका प्रतिनिधि लगायत आयोगका सम्पूर्ण कर्मचारी सहित २८ जना (महिला १८ र १० पुरुष) को सहभागिता रहेको थियो ।

## ३.४ तनाव व्यवस्थापन तथा मनो-सामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण

मिति २०८१ असार २५ गते मकवानपुर जिल्लास्थित हेटौंडा उपमहानगरपालिका वडा नं.९ को प्रगती मा.वि.प्रगतीनगरमा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र न्यानो आँगन नेपालको समन्वय र सहकार्यमा तनाव व्यवस्थापन तथा मनो-सामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा विद्यालयका विद्यार्थी,शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको प्रशिक्षणको क्रममा बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका नर्सिङ अधिकृत रोश्ना घिमिरेले तनाव व्यवस्थापन सम्बन्धी विषयमा र राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका निमित्त प्रमुख रेवा रेग्मीले मानव अधिकार तथा आयोगका काम, कर्तव्य र अधिकारको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि हेटौंडा उपमहानगरपालिका वडा नं.९ का वडाध्यक्ष श्री सुकराम केसी रहनु भएको थियो भने कार्यक्रमको सभापतित्व राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय,हेटौडाका नि.प्रमुख श्री रेवा रेग्मीले गर्नु भएको थियो ।

यसैगरी मिति २०८१ असार २५ मकवानपुर जिल्लास्थित भीमफेदी गा.पा.वडा नं. २ भैंसेको श्री कृष्ण मा.वि.मा राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय र न्यानो आँगन नेपालको समन्वय र सहकार्यमा तनाव व्यवस्थापन तथा मनो-सामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा विद्यालयका विद्यार्थी,शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रमको प्रशिक्षणको क्रममा बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका नर्सिङ्ग अधिकृत रोश्ना घिमिरेले तनाव व्यवस्थापन सम्बन्धी विषयमा र राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयका निमित्त प्रमुख रेवा रेग्मीले मानव अधिकार तथा आयोगका काम, कर्तव्य र अधिकारको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि भीमफेदी गाउँपालिका वडा नं. २ का वडाध्यक्ष श्री काशिराम बज्यू ज्यू  रहनु भएको थियो भने सभापतित्व राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, हेटौडाका नि.प्रमुख श्री रेवा रेग्मीले गर्नु भएको थियो ।

# अनुगमन सम्बन्धी गतिविधिहरू

## ४.१ छुवाछुत तथा जातीय भेदभाव विरूद्धको अधिकार :-

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, हेटौंडाद्वारा मिति २०८०/४/२६ देखि ऐ. ३२ गतेसम्म काभ्रेपलाञ्चोक जिल्लाको अनुगमन गरिएको थियो । आयोगको छैटौं रणनीतिक योजना २०२१-२०२६ को रणनीतिक कार्ययोजनाको २ नं बुंदामा उल्लेख गरे बमोजिम मानव अधिकार सम्बन्धी अन्तर ाष्ट्रिय मापदण्ड र राष्ट्रिय कानूनको कार्यान्वयन अवस्थाको अनुगमन गरी मानव अधिकार अवस्थामा सुधार ल्याउने उद्धेश्यअनुरुप रणनीतिक योजनाको २.१.११. मा उल्लिखित जातीय विभेद तथा छुवाछुत र दलित अधिकारको अवस्था विषयक अनुगमन गरिएको थियो । काभ्रेपलाञ्चोक जिल्लामा संविधान तथा अन्य प्रचलित कानूनले प्रदान गरेका दलित समुदायको अधिकारहरुको कार्यान्वयन अवस्था, समाजमा छुवाछुत, बहिष्करण, अन्तरजातीय विवाहको अवस्था, मन्दिर तथा सार्वजनिक स्थल प्रबेशमा रोक, सार्वजनिक उपभोगका बस्तुहरुको प्रयोगमा रोक लगायत प्रचलन एवं विभेदपूर्ण व्यबहारको अवस्था लगायतका विषयमा केन्द्रित रही अनुगमन गरिएकोमा अनुगमन प्रतिवेदनले देहाय बमोजिमका विषयहरुमा जोड दिएको छ :-

- समाजमा रहेका कुरीति, कुसंस्कार, जातीय विभेद, अन्धविश्वास, लैङ्गिक हिंसा, दाइजो-प्रथा विरुद्ध कानूनी सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नु पर्ने ।
- आर्थिक रुपमा विपन्न महिला, दलित, जनजाति, एकल महिलालाई सीपमूलक तालिम सञ्चालन गरी आत्मनिर्भर बन्न प्रेरित गर्नु पर्ने ।
- दलित महिलाहरुको सशक्तिकरण,मूलप्रवाहीकरण र समावेशीकरण गर्न शोषण र विभेदलाई हटाउन विभिन्न नीति निर्माण एवं कार्यक्रम बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने ।

## ४.२ मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, विश्वव्यापी आवधिक समिक्षा र दिगो बिकास लक्ष्य कार्यान्वयन अवस्था :-

**रसुवा जिल्ला :-**

मिति २०८०/६/२७ देखि २०८०/७/३ गतेसम्म मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना, विश्वव्यापी आवधिक समिक्षा र दिगो बिकास लक्ष्य कार्यान्वयन अवस्था समेतको अनुगमन गरिएको थियो । संयुक्त राष्ट्रसंघीय मानव अधिकार सम्मेलनले सन् १९९३ मा आफ्ना सदस्य राष्ट्रहरुलाई मानव अधिकारको

संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न आव्हान गरे अनुरुप नेपालले ४ वटा राष्ट्रिय कार्ययोजना निर्माण गरी कार्यान्वयन गरेपश्चात हाल नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना आ.व २०७७/७८–२०८१/८२ तयार गरी कार्यान्वयनको चरणमा रहेको छ । संयुक्त राष्ट्रसंघले आफ्ना सदस्य राष्ट्रहरुको समग्र मानव अधिकारको अवस्थामा सुधार गर्न आवश्यक सिफारिस गर्ने प्रयोजनको लागि आवधिक रुपमा प्रत्येक साढे चार बर्षमा सम्वन्धित देशको मानव अधिकार अवस्थाको पुनराबलोकन गर्नको लागि  सन् २००८ देखि विश्वव्यापि आवधिक पुनरावलोकन (Universal periodic Review) पद्धतिको व्यवस्था गरी पुनरावलोकनको कार्य हुँदै आइरहेको र पुनरावलोकनको समयमा बिभिन्न देशले सुझाव दिने क्रममा अन्य सुझावका साथै राष्ट्रिय कार्ययोजना कार्यान्वयन सम्वन्धमा समेत सुझावहरु दिइएको र नेपालले स्वीकार समेत  गरेको अवस्था रहेको छ । नेपाल सरकारले जारी गरेको मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्ययोजना, UPR, SDGS Goal, तथा Treaty committees वाट प्राप्त सुझावहरुको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारलाई जिम्मेवार वनाइएको छ भने कार्यान्वयनको अवस्था सम्वन्धमा अनुगमन गर्न नेपालको संविधान, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ तथा पाँचौं राष्ट्रिय कार्ययोजनाको परिच्छेद ४ ले राष्ट्रिय मानव अधिकार आयोगलाई अख्तियारी प्रदान गरेको छ । सो अनुगमनले निम्नलिखित विषयहरुमा जोड दिएको थियो :-

१. मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना समेतको कार्यान्वयनको लागि आयोगवाट समय, समयमा अनुगमन तथा फलोअप गर्नुपर्ने ।
२. कार्ययोजनाको मनसाय बमोजिम सम्बन्धित तह वा निकायमा समिति गठन भए, नभएको ? समन्वय भए, नभएको सम्वन्धमा अनुगमन गरी जानकारी हासिल गर्नुपर्ने ।
३. यस जिल्लामा पर्यटकीय संभावना भएकोले सदरमुकाम तथा चीनको सीमानासम्म पुग्ने मुख्य सडक, नौकुण्ड गाउँपालिका जाने सडक र हरेक वडा, वडामा पुग्ने यातायात, सडक एवं पैदल यात्रीहरुले प्रयोग गर्ने बाटोहरुको स्तरोन्नति गर्नुपर्ने ।
४. चौरीपालनलाई प्रवर्द्धन गर्न बिशेष योजना बनाई काम  गर्नुपर्ने ।
५. हाइड्रोपावरहरुलाई व्यवस्थित र मापदण्ड अनुरुपको बनाउन निगरानी गर्नुपर्ने ।

**सिन्धुपाल्चोक जिल्ला:-**

यस कार्यालयबाट २०८१/०२/१६ देखि २२ गतेसम्म सिन्धुपाल्चोक जिल्लाका १२

वटा पालिकाहरु मध्ये ४ वटा गाउँपालिकाहरुको स्थलगत अनुगमन गरी नेपाल सरकारले जारी गरेको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना तथा सोको कार्यान्वयन समन्वय समिति एवं गठन प्रकृयाका बारेमा जानकारी गराइएको थियो । पालिकामा त्यसप्रकारको समिति गठन भए, नभएको सम्वन्धमा जानकारी लिइएको र गठन नभएकोमा गठन गर्न सुझाव दिइएको थियो । जिल्लास्थित जिल्ला समन्वय समितिका उप-प्रमुख, जिल्ला न्यायाधीश, नि.प्रमुख जिल्ला अधिकारी, जिल्ला अदालतका श्रेस्तेदार, जिल्ला न्यायाधिवक्ता, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, सरोकारवाला कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला बारका अध्यक्ष, इन्सेक जिल्ला प्रतिनिधि, विभिन्न गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकार, वुद्धिजिवी तथा प्रबुद्ध वर्ग समेतको उपस्थितिमा अन्तर्कृया कार्यक्रमको आयोजना गरिएको थियो ।

अन्तर्कृया कार्यक्रमबाट आएका सुझाव तथा समग्र जिल्लाका विभिन्न पालिकाहरुको अनुगमनबाट देहायका क्षेत्रहरुमा जोड दिनु पर्ने देखियो : -

१. नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको मनसाय, मर्म र भावना बमोजिम सम्बन्धित सबै जिल्लाका तह तथा निकायहरुमा समिति गठन भए, नभएको, समन्वय भए, नभएको सम्वन्धमा अनुगमन गरी जानकारी हासिल गर्नुपर्ने ।

२. मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजना समेतको कार्यान्वयनको लागि आयोगवाट समय, समयमा अनुगमन तथा निरीक्षण गरिनु पर्ने ।

३. अनुगमन गरिएका पालिकाहरुको स्थलगत निरीक्षणबाट नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना बमोजिम लक्षित तथा निर्धारण गरेका उद्धेश्य हासिल गर्नका लागि सबै पालिकाहरु दत्तचित्तका साथ लागि परेको, कतिपय दुर्गम पालिकाहरुको चौतर्फी विकास निर्माणका कामहरु जस्तै सडक, यातायात, भौतिक पूर्वाधार, शिक्षामा आकर्षण दिलाउने योजना र सशक्तिकरणका काम निरन्तर रुपमा भैरहेका तर पालिकाहरुले कार्ययोजनाको मर्म र भावना बमोजिम समिति गठन गरेर कार्य भै रहेको नदेखिएकोले व्यापक रुपमा पालिका र जिल्लास्तरमा कार्ययोजनाको जानकारी दिलाउन प्रशिक्षण, तालिमहरुको आयोजना हुन मनासिव देखिएको ।

४. अनुगमन टोलीले गरेको हिरासत तथा कारागार अनुगमनबाट हिरासत र कारागारको क्षमतामा कमि भएको ,स्थान अभाव रहेको, हिरासत र कारागार दुवै स्थानहरुमा महिला थुनुवा र कैदी बन्दीलाई राख्ने स्थानको अभावमा अन्य जिल्लामा लागि राखिने अहिलेको प्रवृत्तिमा सुधार गरी क्षमतासम्पन्न तथा स्तरोन्नति समेत गरी महिला, पुरुष तथा अन्य लिङ्गीहरुलाई अलग-अलग राख्ने व्यवस्था गर्नु पर्ने देखिएकोले सोको लागि यथोचित व्यवस्थापन हुनु पर्ने ।

५. पर्यटकीय संभावना बोकेको यस जिल्लामा सदरमुकाम तथा चीनको सीमानासम्म

पुग्ने मुख्य सडक, यातायात, सडक एवं पैदल यात्रीहरुले प्रयोग गर्ने बाटोहरुको अवस्था केही जीर्ण रहेकोले स्तरोन्नति गर्न सिफारिस गर्नुपर्ने ।

६. कृषि र पर्यटनलाई समन्वयात्मक रुपमा जोडी सर्वसाधारणको आय बृद्धिमा जोड दिइनु पर्ने साथै पर्यटन प्रवर्द्धनार्थ बिशेष योजना नै बनाई काम थाल्ने गरी सिफारिस समेत गरिनु पर्ने ।

## ४.३ अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षाको अवस्था :-

मिति २०८०/०९/२० देखि ऐ. २६ गतेसम्म बागमती प्रदेश कार्यालयबाट मकवानपुर र चितवन जिल्लामा रहेका विभिन्न स्थानीय तहहरू, विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु, अभिभावक, विद्यार्थीहरु, नागरिक समाज लगायत सरोकारवालाहरुसंग समेत सम्बन्धित विषयमा बुझी स्थलगत अनुगमन सम्पन्न गरिएको थियो। शिक्षा प्राप्त गर्ने प्रत्येक नागरिकको आधारभूत मानव अधिकार तथा संबिधानद्वारा प्रदत्त मौलिक हक हो । नेपालको संबिधानको धारा ३१ मा शिक्षा सम्वन्धी हकको व्यवस्था गरिएको छ, जसमा प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क र माध्यामिक तहसम्मको लागि निःशुल्क शिक्षा पाउने हक हुनेछ भन्ने समेतका प्रावधानहरु राखिएको छ । नेपालमा अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५ जारी गरिएको छ । शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख राष्ट्र निर्माणमा केन्द्रीत रही शिक्षामा सबैको सहज, समतामूलक पहुँच र निरन्तरताको प्रत्याभूति गर्नुका साथै शिक्षालाई सर्वव्यापि, जीवनोपयोगी, प्रतिस्पर्धी र गुणस्तरयुक्त बनाउने भन्ने यस ऐनको प्रस्तावनाको मनसाय रहेको देखिन्छ। यस ऐनमा "अनिवार्य शिक्षा भन्नाले नेपाल सरकारद्वारा तोकिएको उमेर समूहका बालबालिकाहरुलाई विद्यालय वा अन्य बैकल्पिक शै क्षिक संस्थामा भर्ना भई नियमित अध्ययन गर्ने र आधारभूत तहको अध्ययन पूरा गर्ने बाध्यकारी व्यवस्थालाई सम्झनु पर्छ।" भनी अनिवार्य शिक्षाको परिभाषा गरेको छ। ऐनले "निःशुल्क शिक्षा भनी विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असूल नगरी दिइने शिक्षालाई सम्झनु पर्छ।" भन्दै परिभाषा गरेको छ। यसरी हेर्दा नेपालको संविधान, ऐन, कानूनले शिक्षालाई आधारभूत र मौलिक हकको रुपमा परिभाषित गर्दै शिक्षाको उज्यालोवाट कोही, कसैलाई बञ्चित नगरिने कुरालाई मान्यता प्रदान गरेको छ। अनुगमनले देहायका विषयहरुमा जोड दिएको छ : -

१. अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन,२०७५ को पूर्ण कार्यान्वयनको लागि आवश्यक संख्यामा शिक्षक दरबन्दी सृजना गरी पदपूर्ति गर्नुपर्ने ।
२. अभिभावक सहयोग जस्ता शीर्षक एवं अतिरिक्त बिषयका पुस्तकको नाममा

शुल्क लिने गरेको पाइएकोले सो रकम नलिनको लागि नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहले व्यवस्थापन गर्नु, गराउनुपर्ने ।

३. छात्रबृत्ति प्रदान गर्दा कुनै जात-जातिको आधारमा भन्दा पनि समाजमा रहेको आर्थिक हैसियतको आधारमा बिपन्न बर्गलाई मात्र प्रदान गरिनु पर्ने ।

४. छात्राबृत्तिको रकम एवं दिवा खाजाको रकम समयानुसार परिमार्जन गरि बृद्धि गरिनु पर्ने ।

५. दृष्टि बिहीन बिद्यार्थी/बालबालिकाहरुको लागि प्रयोग हुने ब्रेल लीपि आवश्यक पर्ने सवै बिद्यार्थीहरुलाई सहज र सुलभ रुपमा उपलव्ध गराइनुपर्ने तथा कम्तीमा एक पालिकामा अपाङ्गताको प्रकृति अनुसारको एक बिद्यालयको व्यवस्था गर्नुपर्ने ।

## ४.४. यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था :-

यस कार्यालयले मिति २०८०/१०/२९ देखि २०८०/११/६ गतेसम्म काठमाण्डौ, चितवन, ललितपुर र मकवानपुर जिल्लामा यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्थाको अनुगमन गरेको थियो । नेपालको संविधान, २०७२ को भाग ३ धारा १६(१) मा “प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ ।” भन्ने व्यवस्था गरेको छ भने धारा १८ ले समानताको हक प्रदान गर्दै सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनिएको छ । यसैगरी नेपाल नागरिकता ऐन, २०६३ (पहिलो संशोधन, २०७९) मा पहिचान सहितको नागरिकता दिने, यस ऐन बमोजिम प्रदान गरिने नेपाली नागरिकताको प्रमाण पत्रमा तोकिए बमोजिमको लैङ्गिक पहिचान समेत खुलाउनु पर्ने भन्ने उल्लेख भएको पाइन्छ । अनुगमनको आधारमा यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुका देहायका समस्याहरु पहिचान गरिएको छ :-

- घरबाट नै उपेक्षा, अपमान र हिंसा,
- बिद्यालयमा प्रतिकुल व्यवहार,
- सामाजिक रुपमा स्वीकृत नहुनु,
- आर्थिक उपार्जन तथा रोजगारीको अवसर नहुँदा यौन व्यवसायमा लाग्न वाध्य हुनु,
- एच.आई.भि तथा आर.टि.टि.आर जस्ता रोगबाट ग्रस्त हुनु,
- राजनीतिक अधिकारबाट उपेक्षित रहनु,
- प्रशासनिक असहयोग,
- बुढेसकाल र भविष्य सहाराविहीन र अनिश्चित हुनु ।

यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको सर्वाङ्गिण विकासका लागि देहायका कुरामा जोड दिनु पर्ने देखिन्छः-

- बिद्यालय पाठयक्रममा यौनिक तथा लैंङ्गिक अल्पसंख्यक समुदायका बिषय समावेश गर्नु पर्ने,
- राजनीति तथा सरकारी सेवामा आरक्षणको व्यवस्थाका लागि पहल गर्ने,
- यौनिक तथा लैंङ्गिक अल्पसंख्यक समुदायलाई घरबाटै अपमान, तिरस्कार र अपहेलना हुने गरेकोले एक स्थानीय तह एक जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिनु पर्ने ।

## ४.५ आप्रवासी कामदार तथा तिनका परिवारहरूको मानव अधिकार अवस्था :-

**सिन्धुली जिल्लाः-**

यस कार्यालयले मिति २०८०/११/१२ देखि १८ गतेसम्म सिन्धुली जिल्लामा आप्रवासी कामदार तथा तिनका परिवारहरुको मानव अधिकार अवस्थाको अनुगमन गरेको थियो । सन् १९९० पछि आएका नवीन आर्थिक अवधारणा अन्तर्गतका निजिकरण, औद्योगिकीकरण तथा विश्वव्यापीकरणको कारण आजको विश्वमा बैदेशिक रोजगारीको लागि सवै देशका ढोकाहरु खुलेका छन् । नेपाल WTO को सदस्य भएयता नेपाली कामदारहरुको लागि यो बाटो अझ सहज र सरल हुँदै गएको छ । आज कामको खोजीमा दिनहुँ हजारौंको संख्यामा नेपाली युवा, युवतिहरु विदेशिने क्रम जारी रहेको छ । आगामी दिनमा नेपाली कामदार विदेशिने क्रम अझ बढ्ने देखिन्छ । यसरी मुलुकबाट बैदेशिक रोजगारीमा जाने नागरिकहरुको रोजगारीलाई मर्यादित, सुरक्षित तथा विश्वसनीय बनाउन सरकार, नागरिक समाज तथा सरोकारवाला संघ, संस्थाहरुको लागि चुनौतिको विषय बनेको छ । International Organization of Migration (विश्व आप्रवास संगठनको) प्रतिवेदन, २०१८ बमोजिम सन् २०१५ मा अन्तर्राष्ट्रिय आप्रवासनको तथ्यांङ्क २४४ मिलियन रहेको थियो । श्रम आप्रवासन नेपालको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको भएता पनि अझै यो पूर्ण रुपमा सुरक्षित भने बन्न नसकेको यर्थाथता एकातिर छ भने अर्कोतिर संस्थागत रुपमै स्वीकृति लिएर श्रम आप्रवासनका लागि खुला गरिएका मुलुकहरुको संख्या ११० तथा व्यक्तिगत श्रम स्वीकृति लिएर श्रम आप्रवासनका लागि प्रवेश गर्न सकिने मुलुकहरुको संख्या १७८ वटा रहेको देखिन्छ। नेपालमा वि.सं. २०४२ सालमा मात्र बैदेशिक रोजगार सम्बन्धी ऐनको व्यवस्था गरिएको थियो । कानूनलाई समयानुकूल नियमित र व्यवस्थित गर्न बैदेशिक रोजगार सम्बन्धी ऐन, २०४२ लाई खारेज गरी बैदेशिक रोजगार सम्बन्धी ऐन,२०६४ जारी गरियो । यसका साथै सरकारद्वारा आन्तरिक तथा बैदेशिक रोजगारीलाई ब्यवस्थित गर्न नेपाल रोजगार सूचना केन्द्र व्यवस्थापन प्रणाली (निमिस) सफ्टवेयर निर्माण गरी ७५३ वटै पालिकामा नेटवर्क जोड्ने तयारी रहेको छ । राष्ट्रिय जनगणना,२०७८ को तथ्याङ्क हेर्दा

कूल २१ लाख ९० हजार ५९२ जना नेपालीहरु बिदेशिएका छन् । जसमा पुरुष ८२.२ प्रतिशत र महिला १७.८ प्रतिशत रहेका छन् । यसमा संस्थागत भन्दा पनि व्यक्तिगत रुपमा श्रम स्वीकृति दिनेको संख्या बढी रहेको देखिएको छ । पछिल्लो आर्थिक सर्वेक्षण बमोजिम गत फाल्गुणसम्ममा बैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेहरुको संख्या ५६ लाख ६३ हजार नाधिसकेको देखिन्छ जसमा पुरुष ५३ लाख ४८ हजार र महिला ३ लाख १६ हजार रहेका छन् । सरकारद्वारा बै देशिक रोजगारीको लागि व्यक्तिगत रुपमा १७८ र संस्थागत रुपमा ११० वटा मुलुकलाई खुला गरेको अवस्था छ । पछिल्लो समय नेपाली श्रमिक रोजगारीका लागि १५० वटा देशहरुमा गएको तथ्याङ्क रहेको छ । नेपालको कूल गार्हस्थ उत्पादनमा २२.५ प्रतिशत बैदेशिक रेमिट्यान्सले ओगटेको देखिन्छ । नेपालको बैदेशिक रोजगार सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा र कमजोर तथा फितलो सरकारी नीतिको संरक्षणको अवस्था कमजोर भइदिंदा नेपालको बैदेशिक रोजगारको अवस्था अत्यन्त कमजोर रहेको देखिएको छ । गत आ.व.२०७१/२०७२ यता करिव ८ हजार १०० जनाभन्दा बढी नेपाली कामदारको मृत्यु भइसकेको समेत अध्ययनले देखाएको छ ।

अनुगमनबाट देहायका विषयहरुमा ध्यान दिएर कार्य गरिएमा आप्रवासी कामदार तथा तिनका परिवारहरुको मानव अधिकार अवस्थामा केही मात्रामा भएपनि सुधार आउने अपेक्षा गर्न सकिन्छ :-

- नेपालमा नै रोजगारीका प्रशस्त अवसरहरु सिर्जना गरी उपलव्ध श्रोत, साधनको अत्युत्तम उपयोग गरिनु पर्ने,
- नेपाल सरकारले मुलुकमै रोजगारी दिलाउन सक्ने गरी विभिन्न विषयमा तालिम प्रदान गरी दक्ष जनशक्ति उत्पादन गरी विदेशी कामदारहरुलाई विस्थापित गरी स्वदेशी कामदारहरुलाई स्थापित गर्नु पर्ने,
- बैदेशिक रोजगारीमा जाने युवा, युवतिहरुलाई फ्रि भिषा, फ्रि टिकटको ब्यवस्थालाई अनिवार्य तथा पूर्णरुपमा लागु गर्न नेपाल सरकारलाई सिफारिश गर्नुपर्ने,
- बैदेशिक रोजगारीमा जानुपूर्व अनिवार्य रुपमा अभिमुखीकरण तालिम गराउने व्यवस्था गर्न सिफारिस गर्नुपर्ने,
- बैदेशिक रोजगार सम्वन्धमा पर्याप्त सूचना प्रवाह गर्न तथा समस्यामा परेका आप्रवासी कामदारहरुको सहजीकरणको लागि सामी परियोजना वा त्यस्तै प्रकृतिको कार्यक्रम सवै जिल्ला र पालिकाहरुमा समेत लागु गरी परिचालन गर्न सिफारिश गर्नुपर्ने,
- आप्रबासी कामदार र उनीहरुका परिवारको सुरक्षा सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदनका लागि सिफारिश गर्नुपर्ने,

- बैदेशिक रोजगारीमा जान चाहने, बिदेश गएर फर्केका र बिदेशमा रहेका व्यक्तिका परिवारहरुलाई बैदेशिक रोजगार सम्वन्धमा सही सूचना प्रवाह गर्ने, बिदेशवाट फर्केकालाई उद्यमी बन्न प्रोत्साहन गर्दै तालिम, आर्थिक तथा प्राविधिक सहायता सामग्री प्रदान गर्ने, परिवारका सदस्यहरुलाई वित्तीय व्यवस्थापनका लागि सहजीकरण गर्ने जस्ता कार्यका लागि हरेक पालिकालाई जिम्मेवार बनाउन सिफारिश गर्नुपर्ने ।

## ४.६ बालसुधार गृह अनुगमन

भक्तपुर जिल्लाको मध्यपुरस्थित बालसुधार गृहभित्र बिरामी परी मिति २०८०/०५/०३ गते मृत्यु भएको बिषयलाई लिएर बालसुधार गृहका बाल-बालिकाहरुले ढुंगामुढा तथा तोडफोड गरेका थिए । यसै घटनालाई लिएर निज बालिबालिकाहरु बाल सुधार गृहवाट भागेसँगै देशका बिभिन्न बालसुधार गृहहरुमा झडपको स्थिति सिर्जना भएको थियो । यस घटनालाई बिभिन्न सञ्चार माध्यमहरुले प्रकाशन र प्रशारण गरेका थिए । प्रकाशित एवं प्रसारित समाचारहरु प्रति आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगवाट प्रेस बिज्ञप्ति समेत जारी भएको थियो । यस क्रममा हेटौंडा र बीरगञ्जमा रहेका बालसुधार गृहहरुमा स्थलगत अवलोकन सहितको अनुगमन गर्न बालसुधार गृह हेटौडा मकवानपुर र बालसुधार गृह बीरगञ्ज, पर्सा दुवै बालसुधार गृहहरुलाई व्यवस्थापन गर्ने दायित्व सम्वन्धमा दुबिधा देखिएको पाइयो । एकातिर बालसुधार गृह नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेको देखिन्छ भने, सिधा लगायतको व्यवस्थापन कारागार बिभागवाट भएको देखिन्छ । बालबालिका सम्वन्धी ऐन,२०७५ ले १८ बर्षसम्मको उमेरलाई बालबालिका भनी परिभाषा गरेको छ जवकी हेटौंडा र बीरगञ्जस्थित दुबै बाल सुधार गृहमा ११ बर्षदेखि २५ बर्ष उमेर समूहकाहरुलाई संगसँगै राखिएको पाइयो । दुवै बाल गृहहरुमा क्याप्टेन १८ बर्षभन्दा माथिका उमेरका रहेको हुँदा निजहरुले साना बाल-बालिकाहरुलाई हेप्ने, दवाउने तथा गुटबन्दी गर्ने समेतका गतिबिधि भएको भन्ने पाइएको समेत कारणले बालसुधार गृहमा १८ बर्षभन्दा माथिकालाई छुट्टै स्थानमा व्यवस्थापन गर्नुपर्ने देखिन्छ जसको पुष्टि बालकालिका सम्बन्धी ऐन,२०७५ ले समेत गरेको छ ।

## ४.७ सामुदायिक विद्यालयहरूमा दिवा खाजा अनुगमन

मिति २०८१/०३/०१-०४ गतेसम्म मकवानपुर जिल्लाका स्थानीय निकायहरु मनहरी गाउँपालिका, बकैया गाउँपालिका, मकवानपुरगढी गाउँपालिका र हेटौडा उपमहानगरपालिका र चितवन जिल्लाको रत्ननगर नगरपालिकाका विभिन्न विद्यालयहरुमा दिवाखाजाको अनुगमन गरिएको थियो । सो अनुगमनमा तत्

जिल्लाका विद्यालयहरुमा दिवाखाजाको अवस्था देहाय बमोजिम रहेको पाइएको थियो : -

- संघीय सरकारले दिवाखाजा कार्यक्रमको लागि प्रतिव्यक्ति रू. १५ विनियोजित गरेको बजेट अत्यन्त न्यून रहेकोले उक्त बजेटमा समयानुकुल महंगीको अवस्थालाई ध्यानमा राखेर बृद्धि गरिनुपर्ने ,
- विद्यालय खाजा कार्यक्रमको प्रभावकारीता बढाउन स्थानीय तहवाट आफ्ना पालिका भित्रका विद्यालयमा कम्तिमा पनि त्रैमासिक रुपमा नियमित अनुगमन गरिनु पर्ने र आवश्यक सुधारको लागि सुझाव उपलब्ध गराउनुपर्ने,
- स्थानीय निकायले विद्यालय खाजा कार्यक्रमको प्रभावकारीता बढाउन उपलब्ध श्रोतसाधनबाट राम्रो पोषणयुक्त खाजा खुवाउने विद्यालयलाई पुरस्कृत र जंकफुडलाई खाजामा प्रयोग गर्ने विद्यालयलाई सचेत गराउनु पर्ने,
- विद्यार्थीहरुवाट प्रत्येक दिन एकै प्रकारको खाजा खानु पर्दा विद्यालय खाजा प्रति नै अरुची बढ्ने गरेको भन्ने पाइएकोले खाजाको परिकारमा विविधता हुनुपर्ने,
- स्थानीय उत्पादन तथा रैथाने वालिवाट उत्पादित खाद्यान्हलाई दिवा खाजाको रूपमा बढाउँदै लग्नु पर्ने ।
- संघीय सरकारले दिवाखाजा कार्यक्रमको लागि प्रतिव्यक्ति रू. १५ विनीयोजित बजेट अत्यन्त न्यून रहेकोले उक्त बजेटमा समयानुकुल महंगीको अवस्थालाई ध्यानमा राखेर बृद्धि गरिनुपर्ने,

मिति २०८१/०३/०१-०४ गतेसम्म मकवानपुर जिल्लाका स्थानीय निकायहरु भीमफेदी गाउँपालिका र सिन्धुली जिल्लाका हरिहरपुरगढी गाउँपालिका, मरिण गाउँपालिका,कमलामाई नगरपालिकाका विभिन्न विद्यालयहरुमा दिवा खाजाको अनुगमन गरिएको थियो । सो अनुगमनमा तत् जिल्लाका विद्यालयहरुमा दिवाखाजाको अवस्था देहाय बमोजिम रहेको थियो : -

- नेपाल सरकारले दिवा खाजा कार्यक्रमको लागि विनियोजन गरेको रकम ज्यादै न्यून रहेको पाइयो,
- प्रति विद्यार्थी रु. १५ रूपैयाँले पोषणयुक्त खाजा खुवाउन असम्भव भएको हुँदा समयानुकूल कम्तिमा पनि प्रति विद्यार्थी रु. २५ र ३० रूपैंया विनियो जन गर्नुपर्ने देखिएको,
- स्थानीय तहले छुट्टै संयन्त्र बनाएर दिवा खाजा कार्यक्रमको प्रभावकारिताबारे मासिक अनुगमन गर्नुपर्ने,
- संघीय सरकारले प्रति विद्यार्थी दैनिक रु. १५ का दरले एक आ.ब. मा जम्मा १८०

दिनको लागि बजेट विनियोजन गरेर, दिन नतोकी विद्यालयले अध्ययन अध्यापन गराएको दिनलाई समेत गणना गरी बजेट विनियोजन गर्नँ पर्ने,

- दिवा खाजा अनिवार्य रुपमा स्थानीय उत्पादन हुनु पर्ने र खाजाको परिकारमा समेत विविधता हुनु पर्ने ।

# परिच्छेद-५

## ५. कार्यालयका उपलब्धि, चुनौती र चुनौति समाधानका सम्भावित उपायहरु

### ५.१ . प्रदेश कार्यालयको उपलब्धि

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालयको लागि आ.व.२०८०/८१ को बजेटबाट मानव अधिकारको उल्लंघन घटना उजूरी तथा फाइलहरुको अनुसन्धान शीर्षक अन्तर्गत विनियोजित बजेटबाट १२ वटा अनुसन्धान टोली मार्फत यस आ.व मा ७३ वटा फाइलमा अनुसन्धान कार्य सम्पन्न गरी निर्णयका लागि केन्द्रीय कार्यालय पठाइएको छ। श्रोत साधनले भ्याएसम्म प्रत्येक घटनामा आयोगको उपस्थिति हुने गरेको छ । प्रवर्द्धनात्मक कार्यक्रमतर्फ बागमती प्रदेश कार्यपालिका, व्यबस्थापिकासंग नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका सम्बन्धमा प्रदेश सरकार र स्थानीय सरकारसंग पत्राचार, छलफल तथा अन्तर्कृयाहरु भएका छन् । यस प्रदेश अन्तर्गत प्रादेशिक क्षेत्राधिकार भित्रका १३ वटै जिल्लाहरुमा अनुसन्धान, अनुगमन तथा सचेतना कार्यक्रम गर्ने लक्ष्य बमोजिम कार्यहरु सम्पन्न भएका छन् । आयोगले सम्पन्न गरेका कार्यक्रमहरुबाट न्यायिक समितिका पदाधिकारीहरुको लागि मानव अधिकार सम्बन्धमा निष्पक्ष, स्वतन्त्र र छिटो छरितो न्याय सम्पादन गर्नको लागि मद्दत पुगेको छ । मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८ –२०८०/०८१) को कार्यान्वयन अवस्था, अनुगमन, संयन्त्र गठन सम्बन्धमा बागमती प्रदेश र स्थानीय पालिकासंगको समन्वय र सहकार्यमा कार्यक्रमहरु सञ्चालन भएका छन् भने सोही विषयमा अनुगमन पनि भएका छन् । बागमती प्रदेश अन्तर्गतका प्रहरीहरुको लागि सञ्चालित मानव अधिकारसम्बन्धी तालिममा सहभागी भइ आयोगको पहुँच विस्तार गर्दै मानव अधिकार संस्कृति विकासको लागि उल्लेख्य उपलब्धी हासिल भएको छ । गैरसरकारी संस्था, मानव अधिकार रक्षकसंग समन्वय र सहकार्यमा भएका कार्यक्रमबाट सहकार्य विस्तारमा उल्लेख्य योगदान पुग्न गएको छ। आयोगको कार्यालयको लागि हेटौडामा कार्यालय भवन रहेको छ। संविधानप्रदत्त दायित्व बमोजिम मानव अधिकार सम्वर्द्धन र संरक्षणमा अग्र-पङ्क्तिमा रहनुलाई राज्यका निकाय,पदाधिकारी र नागरिक समाजले समेत प्रशंसा गरेको पाइएको छ ।

### ५.२ चुनौतिहरू

बागमती प्रदेशका १३ वटा जिल्लाको भौगोलिक अवस्था, आम-नागरिकको जीवनस्तर हेर्दा धनी र गरीबवीचको खाडल फराकिलो रहेको देखिन्छ । मानव अधिकार र मानव विकास सूचकांङ्को आधारमा हेर्दा यस प्रदेशका जिल्लाहरु काठमाण्डौ, भक्तपुर, ललितपुर,

काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन बाहेकका जिल्लाको मानव अधिकार अवस्था हेर्दा सीमान्तकृत वर्गको अधिकार र भौगोलिक विकटता आदिको कारण नागरिकको मानव अधिकार चुनौतिपूर्ण नै रहेको देखिएको छ। सीमान्तकृत वर्गको मानव अधिकार संरक्षणका लागि दीगो विकासको मूलधारमा सीमान्तकृत र भौगोलिक रुपमा विकट ठाउँमा रहेका नागरिकको अधिकार संरक्षण साँच्चै नै चुनौतिपूर्ण रहेको छ। बागमती प्रदेश सरकारले प्रदेश निजामती सेवा ऐनको निर्माण गर्दा अपाङ्गता भएका व्यक्तिहरुले पाउने आरक्षणको प्रतिशतमा कटौति गर्दा यस प्रदेशमा आयोजना हुने हरेक कार्यक्रममा यसको चर्चा हुने गरेको पाइएको छ। प्रदेश अन्तर्गतका प्रदेश निजामती सेवामा संघीय निजामती सेवा ऐनले दिएको आरक्षणको कोटा ५ प्रतिशतबाट घटाएर ३ प्रतिशत पुर्‍याएको छ। यसरी अपाङ्गताको आरक्षणको कोटा हेर्दा बागमती प्रदेशको प्रदेश निजामती सेवा ऐन संघीय कानूनसँग स्पष्ट रुपमा बाझिएको देखिन्छ।

यस कार्यालयले आफ्नो कार्यको सिलसिलामा निम्नानुसारका थप चुनौतिहरुको पहिचान गरेको छः-

- कार्यालयमा विचाराधीन उजुरीको अनुसन्धानको लागि श्रोत, साधनमा कमि भएकोले उजुरीको अनुपातमा श्रोत साधन बढाउनु पर्ने हुन्छ।
- दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन, भौतिक श्रोत, साधनको पर्याप्तता आवश्यक भएकोले सोको अभावमा आशातीत प्रतिफल प्राप्त गर्न कठिनाई भएको।
- योजना तर्जुमा गर्दा विचाराधीन उजुरीको अनुपातमा सवारी साधन, कर्मचारीको व्यवस्थापन हुन नसक्नु चुनौतिको रुपमा रहेको छ।
- ग्रामीण स्तरमा मानव अधिकार सम्बन्धी सचेतना विस्तारको लागि प्रत्येक जिल्लामा सम्पर्क विन्दुको पहिचान गरी सो अनुरुप न्यायोचित व्यवस्था हुनु पर्ने।
- आयोगको स्थलगत अनुगमनको आधारमा नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा प्रदेश, जिल्ला र स्थानीय तह समेत अनभिज्ञ तथा उदासिन रहेको कारण कार्ययोजनाको मूर्ततामा नै प्रश्नचिन्ह खडा भएको देखिन्छ।

### ५.३ चुनौती समाधानका उपायहरू

- नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा प्रदेश, जिल्ला र स्थानीय तह समेतलाई जानकारी प्रदान गर्न कार्ययोजनाको व्यापक प्रचार, प्रसार गरिनु पर्ने,
- विचाराधीन उजुरीको अनुसन्धानलाई प्रभावकारी रुपमा अघि बढाई श्रोत, साधन

परिपूर्तिमा जोड दिइनु पर्ने ,

- चेतनामूलक कार्यक्रम सञ्चालनका लागि मानव अधिकार रक्षक सहित मानव अधिकारकर्मीसंग सम्बन्धित संघ, संस्था तथा व्यक्तिहरुसंग समन्वय र सहकार्य हुनुपर्ने,
- विचाराधीन रहेका उजुरीको अनुपातमा सवारी साधन, कर्मचारीको व्यवस्थापन गरिनु पर्ने ।

# अनुसूची- १

राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुरका कर्मचारी सम्बन्धी विवरण

(सांगठनिक संरचना)

| क्र. स. | नाम | पद |
|---|---|---|
| १. | श्री यज्ञप्रसाद अधिकारी | सहसचिव<br>(काज केन्द्रीय कार्यालय) |
| २. | श्री रेवा रेग्मी | नि. कार्यालय प्रमुख<br>(मानव अधिकार अधिकृत) |
| ३. | श्री जयश्वर चापागाई | मानव अधिकार अधिकृत<br>(असाधारण विदा) |
| ४. | श्री रारा कर्माचार्य | लेखा अधिकृत<br>(काज केन्द्रीय कार्यालय) |
| ५. | श्री लक्ष्मी पौडेल | मानव अधिकार अधिकृत |
| ६. | श्री पवित्रा भण्डारी | मानव अधिकार अधिकृत |
| ७. | श्री कृष्ण प्रसाद मिश्र | मानव अधिकार अधिकृत<br>(काज हेटौंडा कार्यालय) |
| ८. | श्री रविना घिमिरे | मानव अधिकार अधिकृत |
| ९. | श्री अस्मिता पोखरेल | सूचना प्रविधि सहायक<br>(काज केन्द्रीय कार्यालय) |
| १०. | श्री लोकनाथ घिमिरे | मानव अधिकार सहायक<br>(सहायक प्रथम) |
| ११. | श्री विमोचन अधिकारी | मानव अधिकार सहायक<br>(नायव सुब्बा/सहायक प्रथम) |
| १२. | श्री पासाङ्ग लामा | सवारी चालक |
| १३. | श्री मनोजकुमार बुढा मगर | सवारी चालक |
| १४. | श्री प्रदिप सुवेदी | कार्यालय सहयोगी<br>(काज केन्द्रीय कार्यालय) |
| १५. | श्री रीताकुमारी साह | कार्यालय सहयोगी |
| १६. | श्री प्रेमकुमार चौधरी | सुरक्षागार्ड |
| १७. | श्री अविन पौडेल | सुरक्षा गार्ड |
| १८. | श्री लक्ष्मी नेपाल पौडेल | सुरक्षा गार्ड |

## अनुसूची-२

## प्रादेशिक क्षेत्राधिकार रहेका जिल्लाहरु




## प्रदेशिक क्षेत्राधिकार रहेका स्थानीय तह संख्या ११९




श्रोतः *www.mofaga.gov.np*

# अनुसुची- ३

**अन्य संस्थाले आयोजना गरेको प्रबर्द्धनात्मक तथा अन्तर्कृयात्मक कार्यक्रममा आयोगको तर्फबाट भएको सहभागिताको विवरण :-**

| क्र. सं | कार्यक्रमको विषय | आयोजकको नाम | सहभागी कर्मचारीको नाम | मिति |
|---|---|---|---|---|
| १ | मनोरञ्जन क्षेत्रमा कार्यरत मजदुर/श्रमीकको अधिकार निर्देशिका, २०७८ कार्यान्वयन सम्बन्धी अन्तर्कृया कार्यक्रम | श्री विश्वास नेपाल टेवहाल,न्यूरोड काठमाडौ । | मा.अ.अ लक्ष्मी पौडेल | २०८०/०४/०८ |
| २ | मनोसामाजिक मानसिक स्वास्थ्य र मानव अधिकार सम्बन्धी प्रशिक्षण कार्यक्रम | CTRD | सहसचिव यज्ञ प्रसाद अधिकारी | २०८०/०४/१३ |
| ३ | अपाङ्गता भएका व्यक्तिको सहायक सामग्री अभिमुखीकरण उदघाट्न | राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश हेटौडा । | सहसचिव यज्ञ प्रसाद अधिकारी | २०८०/०४/१८ |
| ४ | अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सम्बन्धी कार्यशाला अपाङ्गता भएका व्यक्तिको अनुसन्धान । | आयोगको बागमती प्रदेश हेटौडा । | सहसचिव यज्ञ प्रसाद अधिकारी | २०८०/०४/१८ देखि २१ सम्म |
| ५ | अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी कार्यशाला | राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश हेटौडा | मा.अ.अ लक्ष्मी पौडेल | २०८०/०४/२९ |
| ६ | संयुक्त राष्ट्र संघ प्रस्ताव नं. १३२५ र १८२० प्रशिक्षण | मानव अधिकारका लागि एकल महिला समूह मकवानपुर । | मानव अधिकार अधिकृत कृष्ण मिश्र | २०८०/०५/१ |
| ७ | मानव अधिकार प्रशिक्षण तालीम | इन्सेक, हेटौडा | सहसचिव यज्ञ प्रसाद अधिकारी | २०८०/०५/८ |

| क्र.सं | कार्यक्रमको विषय | आयोजकको नाम | सहभागी कर्मचारीको नाम | मिति |
|---|---|---|---|---|
| ८ | मानव अधिकार र पोलिसिङ्ग प्रशिक्षण | राष्ट्रिय प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, काठमाण्डौ । | सहसचिव यज्ञ प्रसाद अधिकारी | २०८०/०५/११ |
| ९ | मानसिक स्वास्थ्य समस्या र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिको सामाजिक समावेशीकरण सम्बन्धी प्रादेशिक कार्यशाला | सामाजिक विकास मन्त्रालय, हेटौंडा, मकवानपुर । | नि. कार्यालय प्रमुख,रेवा रेग्मी मा.अ.अ पवित्रा भण्डारी मा.अ.स लोकनाथ घिमिरे | २०८०/०६/१० |
| १० | वैदेशिक रोजगारी सम्बन्धमा छलफल कार्यक्रम । | माइति नेपाल, मकवानपुर । | नि.कार्यालय प्रमुख, रेवा रेग्मी | २०८०/०६/१२ |
